# महान्यायाधिवक्ताको कार्यालय

## काठमाडौंमा

**प्रस्तुत**

## विद्युतीय कारोबार ऐन, २०६३ सम्बन्धी कसूरहरूको अवस्था अध्ययन समूहद्वारा प्रस्तुत अन्तिम प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालय
रामशाह पथ, काठमाडौं
(२०७४ आषाढ)

Office of the Attorney General, Nepal

# महान्यायाधिवक्ताको कार्यालय
## काठमाडौंमा

प्रस्तुत

## विद्युतीय कारोबार ऐन, २०६३ सम्बन्धी कसूरहरूको अवस्था अध्ययन समूहद्वारा प्रस्तुत अन्तिम प्रतिवेदन


अनुगमनकर्ता : नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम

संयोजक : उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने

प्रतिनिधि सदस्य : प्र.उ.श्री रबिन बस्न्यात, नेपाल प्रहरी

सदस्य : शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा

सदस्य : शाखा अधिकृत श्री घनश्याम घिमिरे

सदस्य : शाखा अधिकृत श्री खुमबहादुर कुवर



महान्यायाधिवक्ताको कार्यालय

रामशाह पथ, काठमाडौं

(२०७४ आषाढ)


Office of the Attorney General, Nepal

# भूमिका (Preface)

महान्यायाधिवक्ताको कार्यालयको यस आर्थिक वर्ष २०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **विद्युतीय कारोबार सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन र न्यायसम्पादनको अवस्थासम्बन्धी अनुसन्धानमूलक अध्ययन**का लागि महान्यायाधिवक्ताको कार्यालयको मिति २०७३।६।२० को निर्णयानुसार देहायबमोजिमको अध्ययन समूह गठन गरी देहायको कार्यादेश बमोजिम अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको थियो ।। नेपालको संविधानको धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनियताको हकको व्यवस्था भएता पनि धारा २७ पछि अर्को स्पष्टिकरण राखेर त्यसलाई कानुन बनाएर प्रतिबन्ध लगाउन मिल्ने व्यवस्था गरिएको छ । धारा २७ आम नागरिकले प्रयोग गर्ने अधिकार हो भने धारा २८ को प्रयोग उच्च ओहोदा वा सबै खालका पहुँच भएकाहरुका लागि बढी महत्वको अधिकार हो । कतिपय मुलुकमा सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरिएकोले नै आजको युगलाई सूचना र प्रविधीको युगको भन्ने गरिएको छ । प्रस्तुत प्रतिवेदनलाई बढी सूचनामूलक र बोधगम्य बनाउन तथ्याङ्कको तालिकीकरण गरी विश्लेषण गरिएको छ । आवश्यक तथ्याङ्क, विवरण उपलब्ध गराउनु हुने सरकारी वकील, सरकारी वकीलहरुप्रति कृतज्ञता व्यक्त गर्दछौं । मिति २०७३।६।२० को निर्णयानुसार अध्ययन समूह गठन गरी ४ महिनाको कार्यावधि तोकिएता पनि बीचमा समूहका सदस्यहरुको हेरफेर, बजेट निकासामा भएको ढिलाई, स्थानीय तहको निर्वाचनमा समूहका सदस्यको संलग्नता आदि कारणले निर्धारित समयभन्दा केही ढिलो गरीमात्र प्रस्तुत प्रतिवेदन पेश गर्न सकियो ।

अन्तमा, प्रस्तुत अध्ययन समूहको काममा उल्लेखनीय सहयोग गरी प्रस्तुत प्रतिवेदनलाई अन्तिम रुप दिन सघाउनुहुने जि.स.व.का. काठमाडौंका सरकारी वकिलहरु, काठमाडौं जिल्ला अदालतका कर्मचारीहरु, प्रहरी प्रधान कार्यालयका कम्प्युटर विज्ञहरु एवं प्रतिरक्षी कानुन व्यवसायीहरुमा हार्दिक आभार प्रकट गर्दछौं ।

(अध्ययन समूह)

२०७४ असार

Office of the Attorney General, Nepal

विषय सूची

**परिच्छेद १** ........................................................................ 1

**प्रारम्भिक** ........................................................................ 1

१.१ पृष्ठभूमि ........................................................................ 1

१.२ समस्याको पहिचान ........................................................................ 1

१.३ अध्ययनको आवश्यकता ........................................................................ 2

१.४ अध्ययन समूहको गठन ........................................................................ 2

१.५ अध्ययन विधिको संक्षेप ........................................................................ 3

१.६ अध्ययनको क्षेत्र ........................................................................ 3

१.७ प्रतिवेदनको स्वरूप ........................................................................ 4

१.८ अध्ययनका सीमाहरु ........................................................................ 4

१.९ पारिभाषिक शब्दावली (Terminology) ........................................................................ 4

१.९.१ विद्युतीयको अर्थ ........................................................................ 4

१.९.२ कसूरको अर्थ ........................................................................ 5

१.९.३ कारोबारको अर्थ ........................................................................ 5

१.९.४ विद्युतीय कारोबारको अर्थ ........................................................................ 5

१.९.५ विद्युतीय कसूरको अर्थ ........................................................................ 6

१.९.६ विद्युतीय कसूरका स्वरूपहरू ........................................................................ 6

१.९.७ विद्युतीय कसूरदारका किसिम ........................................................................ 7

१.९.८ विद्युतीय कानुनको अर्थ ........................................................................ 8

**परिच्छेद २** ........................................................................ 10

**विद्युतीय कारोबार कानुनहरुको उत्पत्ति र विकासक्रम** ........................................................................ 10

२.१ अन्तर्राष्ट्रिय कानुनको विकासक्रम ........................................................................ 10

२.२. नेपालमा विद्युतीय कारोबार कानुनको विकासक्रम ........................................................................ 12

**परिच्छेद ३** ........................................................................ 13

**विद्युतीय कारोबार ऐन, २०६३ का मुख्य व्यवस्थाहरु** ........................................................................ 13

३.१ विद्युतीय कारोबार ऐन, २०६३, अनुसन्धान र अभियोजन ........................................................................ 13

Office of the Attorney General, Nepal

३.२ विद्युतीय कसूरमा अनुसन्धान ....................16
३.३ नेपालमा विद्युतीय कसूरको प्रवृत्ति ....................17
३.४ विद्युतीय कसूरमा अभियोजन ....................18
३.५ विद्युतीय कारोबार ऐनअन्तर्गत अभियोजन र ठहरको तथ्यांकीय विवरण ....................20
३.६ अभियोजनको सफलता र असफलताका आधार ....................24
३. ७ मौजूदा कानूनी व्यवस्था र नेपालमा विद्युतीय अपराधको प्रवृत्तिको विवेचना ....................24
३.८ विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को विश्लेषण ....................26
**परिच्छेद ४** ....................30
**विद्युतीय कारोबारसम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण** ....................30
४.१ न्यायिक दृष्टिकोण र पृष्ठभूमि ....................30
४.२ विद्युतीय कारोबारसम्बन्धी कसूरका केही मुद्दामा अदालती फैसलाहरुको सारसंक्षेप ....................32
४.३ फैसला विश्लेषण ....................52
**परिच्छेद ५** ....................53
**अध्ययनको नतिजा, निष्कर्ष र सुझावहरु** ....................54
५.१ अध्ययनको नतिजा ....................53
५.२ सुझाव/सिफारिशहरु ....................61
५.३ अध्ययनको निष्कर्ष ....................56
**सन्दर्भ सामग्री** ....................63
(क) प्राथमिक सामग्री ....................63
(ख) माध्यमिक सामग्री ....................63

Office of the Attorney General, Nepal

# परिच्छेद १

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

लोकतान्त्रिक राज्य व्यवस्थाको मापन गर्ने आधारभूत मापदण्डहरुमध्ये विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति पनि एक हो । सूचना तथा संचार प्रविधि एवं इन्टरनेटको विकासले गर्दा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यासमा उल्लेख्य योगदान पुगेको देखिन्छ । एकातिर विश्वव्यापी रुपमा राज्यको पारदर्शिताको सिद्धान्तअनुरुप सूचनाको हकसम्बन्धी अधिकारलाई बलियो बनाउँदै लगिएको छ भने अर्कोतर्फ राज्यका जतिसुकै गोप्य कुराहरु भए पनि निश्चित अवधिपछि प्राप्त हुने व्यवस्था सूचनाको हकसँग सम्बन्धित कानुनले गरेको छ । सूचना क्रान्तिले मानव जीवनलाई सहज, सरल र सुखद तुल्याएको छ भने अर्कोतर्फ यसले विश्वव्यापी रुपमा समस्या र चुनौतीसमेत थपिदिएको छ । व्यक्तिले श्रव्य, दृष्य र छापा जस्ता संचारका सबै माध्यम उपयोग गर्दै आफ्नो विचार राख्दै सीमाविहीन स्पेशमा आफूलाई लागेको विचार सहज रुपमा व्यक्त गर्न सक्ने माध्यमको रुपमा इन्टरनेट उदाएको छ । साइबरको प्रयोगले भौगोलिक तथा राजनीतिक सीमाबाहिर पुगी समष्टिगत विश्व नै मानवग्रामको रुपमा बदलिन पुगेको छ । त्यसैले, आजको युगलाई सूचना र प्रविधीको युगको भन्ने गरिएको हो । नेपालको संविधानको धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनियताको हकको व्यवस्था भएता पनि धारा २७ पछि अर्को स्पष्टीकरण राखेर त्यसलाई कानुन बनाएर प्रतिबन्ध लगाउन मिल्ने व्यवस्था गरिएको छ । धारा २७ आम नागरिकले प्रयोग गर्ने अधिकार हो भने धारा २८ को प्रयोग उच्च ओहोदा वा सबै खालका पहुँच भएकाहरुका लागि बढी महत्वको अधिकार हो । अब ज्ञानवान र शक्तिवान व्यक्ति वा मुलुकको मापन सूचना र त्यसको अधिकतम प्रयोगसँग जोडिएकोले एउटा कल्याणकारी राज्यमा इन्टरनेट पहुँचको सुविधा हुनु र पाउनुपर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ । इन्टरनेटमा बढ्दै गएको पहुँच, अवसरका अलावा यसले निम्त्याएका समस्या र चुनौतीसमेत बढ्दै गएका छन् ।

### १.२ समस्याको पहिचान

विद्युतीय कारोबार सम्बन्धी अवधारणागत र कानूनी व्यवस्थाको कार्यान्वयन अवस्थाको चित्रण हुने गरी अध्ययन विद्युतीय कारोबार ऐन, २०६३ ले परिभाषित गरेका कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको वस्तुगत अवस्थाको विश्लेषण गर्नुपर्ने देखिएको । कसूरको विविधताको प्रतिनिधित्व हुने गरी अदालतबाट भएका फैसलाको संकलन र न्यायिक दृष्टिकोणको विवेचना गरी

Office of the Attorney General, Nepal

अनुसन्धान र अभियोजनको पक्ष नभएकोले सो अभाव पूर्ति गर्ने फैसलाहरुको अध्ययन गरी अभियोजनका कमीहरु पत्ता लगाउने क्रममा कानूनको कार्यान्वयनबाट परेको प्रभावको मूल्यांकन गर्दै, उक्त कानूनले परिभाषित गरेका कसूरको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनमा सुधारका उपायहरु प्रस्ताव गर्नुपर्ने भएकोले प्रस्तुत अध्ययन गरिएको हो ।

### १.३ अध्ययनको आवश्यकता

विद्युतीय कारोबार ऐन, २०६३ ले परिभाषित गरेका कानूनी व्यवस्थाहरु, कसूरमा अनुसन्धान, अभियोजन र न्याय सम्पादनको वस्तुगत अवस्थासमेतको विश्लेषण गरी अभियोजनको सफलताकोलागि यस विषयमा अध्ययन गर्नुपर्ने देखिएको हो । यो कानूनको कार्यान्वयनबाट परेको प्रभावको मूल्यांकन र कसूरको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनमा सुधारका उपायहरुको लेखाजोखा गर्नुपर्ने भएकोले यो अध्ययनको आवश्यकता परेको हो ।

### १.४ अध्ययन समूहको गठन

मिति २०७३।६।२० को निर्णयानुसार देहायबमोजिमको अध्ययन समूह गठन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको थियो ।

- अनुगमनकर्ताः नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम
- संयोजकः उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने
- सदस्यः प्रतिनिधि, नेपाल प्रहरी, साइबर सेल (प्र.प्र.का.बाट प्र.उ. श्री रबिन बस्न्यात तोकिनुभएको)
- सदस्यः शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा
- सदस्यः शाखा अधिकृत श्री घनश्याम घिमिरे
- सदस्यः शाखा अधिकृत श्री खुमबहादुर कुँवर

प्रारम्भमा शाखा अधिकृत श्री भीमप्रसाद भूर्तेल र शाखा अधिकृत श्री भीमसेन काफ्ले अध्ययन समूहमा रहनुभएकोमा श्री भुर्तेल बीचैमा उपन्यायाधिवक्तामा बढुवा हुनुभएको र श्री काफ्ले जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरमा सरुवा हुनुभएकोले वहाँहरुको स्थानमा योजना महाशाखाबाट शाखा अधिकृतद्वय श्री घनश्याम घिमिरे र श्री खुमबहादुर कुँवर समूहमा मनोनित हुनुभएको थियो ।

Office of the Attorney General, Nepal

## १.५ अध्ययन विधिको संक्षेप

यस अनुसन्धानको अध्ययन विधि मूलतः सैद्धान्तिक (Doctrinal) प्रकारको रहेको छ । यस अध्ययन समूहलाई प्राप्त कार्यादेश बमोजिम विद्युतीय कारोबार ऐन कानुनको प्रभाव मूल्यांकन गर्ने क्रममा बजेटको कमी लगायतका कारणले क्षेत्र विशेषमै गएर स्थलगत अध्ययन गर्न सकिएन । तथापि, मुलुकभरका विद्युतीय कसूर सम्बन्धी मुद्दाहरु काठमाडौं जिल्ला अदालतमा मात्र दायर हुने कानुनी व्यवस्था रहेको सन्दर्भमा यस अनुसन्धानमा देहायबमोजिमको अध्ययन विधिको प्रयोग गरिएको छ :

१) काठमाडौं जिल्ला अदालत (३०) र सर्वोच्च अदालत (१) मा दायर विद्युतीय कारोबार ऐनअन्तर्गतका मुद्दामा भएका फैसलाहरुको सरसर्ती अध्ययन एवं समीक्षा ।

२) विद्युतीय कसूरसम्बन्धी मुद्दा हेर्ने प्रहरी अनुसन्धानकर्मीहरुसँग गरिएको अनौपचारिक छलफल, सूचना संकलन ।

३) काठमाडौं जिल्लामा भएका विद्युतीय कसूरसम्बन्धी मुद्दाको अभियोजन गर्ने जि.स.व.का. काठमाडौंका सरकारी वकीलहरुसँग गरिएको अनौपचारिक छलफल, सूचना संकलन ।

४) प्रहरी प्रधान कार्यालयस्थित कम्प्युटरविज्ञ प्रहरी अधिकृतहरुसँग अनौपचारिक छलफल, सूचना संकलन ।

५) विद्युतीय कारोबार ऐन, २०६३ सोको नियमावली, २०६४ र विद्युतीय कानुन एवं अपराधसम्बन्धी पुस्तक, श्रोतसामग्रीहरुको अध्ययन एवं टिपोट ।

६) प्रतिवेदनलाई अन्तिम रुप दिनुपूर्व महान्यायाधिवक्ताको कार्यालयमा यससम्बन्धी विज्ञहरु, कानुन व्यवसायीहरु एवं कार्यालयकै वरिष्ठ अधिकारीहरु गरिएको छलफल र सुझाव संकलन ।

७) विभिन्न मुलुकका सान्दर्भिक कानुनी व्यवस्थाको संक्षिप्त तुलनात्मक अध्ययन ।

## १.६ अध्ययनको क्षेत्र

सुरक्षा जोखिम न्यूनिकरणका लागि नेपालमा आइटी र इन्टरनेट विज्ञहरुहरुले क्रियाशिलता पर्याप्त देखिँदैन । नेपालको साइबर सुरक्षाको कानुनले आइटी सुरक्षा, साइबर सुरक्षा तथा गोप्यताका विषय र यसमा भई आएका साइबर अपराधलाई किन न्युनिकरण गर्न सकेको छ, छैन भन्ने विषय समेत अध्ययनको क्षेत्रभित्र पर्दछ । काठमाडौं जिल्ला अदालत र सर्वोच्च अदालतबाट प्राप्त फैसलाको विवरण तथा संकलित द्वितीय तथ्यांक स्रोतलाई आधार मानी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।



Office of the Attorney General, Nepal

प्रस्तुत प्रतिवेदनलाई बढी सूचनामूलक र बोधगम्य बनाउन तथ्याङ्कको तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

## १.७ प्रतिवेदनको स्वरूप

विद्युतीय कारोबार ऐन, २०६३ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन, र न्यायसम्पादनको अवस्थासम्बन्धी अनुसन्धानमूलक अध्ययनको प्रतिवेदनलाई ५ वटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा प्रतिवेदनको प्रारम्भिक खण्ड, दोस्रो परिच्छेदमा विद्युतीय कारोबार कानुनहरुको उत्पत्ति र विकास, तेस्रो परिच्छेदमा विद्युतीय कारोबार ऐन, २०६३ का मुख्य व्यवस्थाहरु, चौथो परिच्छेदमा विद्युतीय कारोबारसम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण र पाँचौ परिच्छेदमा अध्ययनको नतीजा, सुझाव र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १.८ अध्ययनका सीमाहरु

समय र साधनको सीमितता तथा तोकिएको कार्यादेशका कारण यो अध्ययन निम्न सीमाहरुभित्र रही सम्पन्न गरिएको छ :

१) यो अध्ययन मूलतः विद्युतीय कारोबार ऐन, २०६३ को प्रयोग र पालना अवस्थाको सेरोफेरोमा केन्द्रित छ ।

२) यो अध्ययन मूलतः डक्ट्रिनल प्रकृतिको रहेको छ । स्थलगत भ्रमण गरेर तथ्यांक संकलन गरिएको छैन ।

४) अध्ययन समूहको कार्यादेशभित्र रही मूलतः नेपालको परिवेशमा यो प्रतिवेदन केन्द्रित छ ।

५) अध्ययन समूहको कार्यादेशबमोजिम जिल्ला अदालतका ३० वटा फैसला र सर्वोच्च अदालतबाट प्राप्त एकमात्र फैसलाको यसमा विवेचना गरिएको छ ।

## १.९ पारिभाषिक शब्दावली (Terminology)

### १.९.१ विद्युतीयको अर्थ

विद्युतीय (Electronic) भन्नाले कुनै पनि विद्युत-यान्त्रिकीय (Electromechanical) वा विद्युत-चुम्बकीय (Electromagnetic) उपकरण वा प्रणालीबाट निसृत वा सोसँग सम्बन्धित क्रियाकलापलाई जनाउँछ । अर्थात, विद्युतीय भन्नाले विद्युत, चुम्बक र यन्त्रशक्तिको संयोग (Combination) बाट हुने गतिविधिलाई इंगित गर्दछ । यस अर्थमा, हाम्रो घरायसी जीवनमा प्रयोगमा आउने टिभी, रेडियो,

Office of the Attorney General, Nepal

मोबाइल, कम्प्युटर, ल्यापटप, आदि यन्त्र र उपकरणहरु विद्युतीय स्वरुपका हुन् । विद्युतीय उपकरणहरुले तथ्यांक (Data) को संग्रहण, आदानप्रदान र प्रसारण गर्ने गर्दछन् ।

### १.९.२ कसूरको अर्थ

कसूर भन्नाले प्रचलित जनबोलीमा कानुनले गर्न भनेको काम नगर्नु र नगर्नु भनेको काम गर्नुलाई बुझिन्छ । कानुनले तोकेका कार्य वा अकार्यको उल्लंघन नै कसूर वा अपराधको रुपमा हेरिन्छ । कसूर हुनको लागि नैतिकता नभएर कानुनको उल्लंघन हुनै पर्छ । कतिपय कार्यहरु कानुन र नैतिकता दुवैको उल्लंघन हुन सक्छन् । विद्युतीय कारोबार ऐन, २०६३ ले कम्प्युटर, ईन्टरनेट लगायतका विद्युतीय सञ्चारमाध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामाग्री वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दका सामाग्री प्रकाशन वा प्रदर्शन गर्ने लगायतका कामलाई विद्युतीय कसुर भनी परिभाषित गरेको छ ।

### १.९.३ कारोबारको अर्थ

कारोबार (Transaction) भन्नाले कुनै क्षेत्रविशेषमा गरिएको त्यस्तो कामकारवाहीलाई जनाउँछ जसको आर्थिक वा सामाजिक वा दुवै खालको प्रभाव रहन्छ । अर्को शब्दमा, आर्थिक, सामाजिक वा अन्य असर सृजना गर्ने गरी कुनै तोकिएको क्षेत्रअन्तर्गत व्यक्तिहरुले गरेका क्रियाकलापलाई कारोबार भनिन्छ । जस्तै : बैंकिङ्ग कारोबार, शेयर कारोबार, विद्युतीय कारोबार आदि ।

### १.९.४ विद्युतीय कारोबारको अर्थ

विद्युतीय कारोबार भन्नाले विद्युतीय सूचना आदानप्रदानलाई पूर्णता दिने क्रममा व्यक्तिहरुबाट गरिएका तत्सम्बन्धी गतिविधिहरुलाई बुझिन्छ । यी क्रियाकलापहरुको पनि सामाजिक, आर्थिक वा अन्य प्रभाव (Footprint) रहन्छ । ईमेलको आदानप्रदान, सामाजिक संजालको प्रयोग, सूचनाको विनिमय, डिजिटल अध्ययन, अध्यापन, कुनै अन्य विषयगत काममा सूचनाप्रविधिको प्रयोग, निगरानी र नियन्त्रण आदि सबै क्रियाकलापलाई विद्युतीय कारोबारको कोटीमा राख्न सकिन्छ ।

साइबर अपराधका विश्वव्यापी स्वरुपलाई समाधान गरी जोखिम व्यवस्थापन गर्न विश्व व्यापी रुपमा चासो बढिरहेको छ । सो आवश्यकता, लोकप्रियता र महत्वलाई बुझेर नै विश्वका विभिन्न देशले इन्टरनेटलाइ आधारभूत मानव अधिकारको रुपमा मान्यता दिदैं यसको प्रयोगलाई नियमन गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद (UNHRC) ले समेत आफ्ना प्रतिवेदनहरुमार्फत यसै कुरालाई जोड दिएको छ । इन्टरनेटको विकास र प्रविधिले ल्याएका

Office of the Attorney General, Nepal

सुविधाहरु इमेल, अनलाइन वेबसाइट, ब्लग तथा नयाँ समाजिक सन्जाल (जस्तै फेसबुक, ट्विटर) सहित सन्देशको आदानप्रदान गर्ने माध्यमहरु स्काइप, भाइबर आदि इन्टरनेटले दिएको सुविधासँगै यसको दुरुपयोग बढेको कुरालाई नेपालले मात्र होइन विश्वका सबै राष्ट्रले स्वीकारेका छन् । कार्यालय वा मुलुकका गोप्य दस्तावेजहरु सार्वजनिक गर्दा विश्व नै तरंगित हुने अवस्था आएको छ भने अर्कोतर्फ सूचनाको गोप्यतामाथि समेत प्रश्न उठ्ने गर्दछ । साइबर क्षेत्रमा भएको विकास हेर्दा सहज लागेता पनि विद्युतीय कारोबारका अपराधका लागि भौतिक स्रोत कमै हुने गर्दछन । यद्यपि, भौतिक रुपले उपस्थित नभई अपराध गर्न सकिने हुंदा यस्ता अपराध पूर्णतया गैरकानूनी नहुन सक्दछन् ।

### १.९.५ विद्युतीय कसूरको अर्थ

विद्युतीय र कसूरको अर्थ बोध भइसकेपछि विद्युतीय कसूर बुझ्नलाई कठिनाई हुँदैन । वस्तुतः विद्युतीय कसूरले त्यस्ता अपराध वा कानुनद्वारा वर्जित क्रियाकलापलाई जनाउँछ जसमा कम्प्युटरजन्य प्रविधि र इन्टरनेट प्रणाली सन्निहित हुन्छ । अर्को शब्दमा कम्प्युटर प्रविधि र सोमा आधारित इन्टरनेट संजालको दुरुपयोग गरी आफूले अनुचित फाइदा लिने र अर्को पक्षलाई भौतिक वा आर्थिक नोक्सानी पु-याउने, हैरानी दिने, प्रतिष्ठामा गैरकानुनी आघात पु-याउने, सामुदायिक तनाव बढाउने एवं सार्वजनिक नैतिकतामा खलल पार्ने कुराहरुलाई विभिन्न मुलुकहरुले विद्युतीय कसूरको कोटीमा राखेका  छन् । विद्युतीय अपराध कम्युटर तथा कम्युटर नेटवर्क प्रयोग गरेर हुने - इन्टरनेट, इन्ट्रानेट र एक्स्ट्रानेटसंग सम्बन्धित अपराधिक गतिविधि पर्ने भएकोले यस सम्बन्धी अपराधिक गतिविधि रोकथाम गर्न ल्याईएको कानून नै विद्युतीय कारोबार ऐन, २०६३ हो । सूचना प्रविधिको विकाससँगै बढेको इन्टरनेटको प्रयोगले फेसबुक, ट्वीटर, इन्स्टाग्राम, हबाटएप्स, वीच्याट, भाइबर, स्काइप, इमो, म्यासेन्जर जस्ता सामाजिक सञ्जालको प्रयोग र दुरुपयोग व्यापक रुपमा भई रहेको छ ।

### १.९.६ विद्युतीय कसूरका स्वरूपहरू

विद्युतीय कसूरका मुख्य स्वरुप वा प्रकारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- जालसाजी (Fraud) : कसैलाई कुनै चिट्ठा परेको वा अवसर प्राप्त भएको वा त्यस्तो चिट्ठा वा अवसर प्राप्त हुने भनी कुनै कार्य गर्न लगाउने । उदाहरण भनी पठाउने र व्यवस्थापन खर्च भनी रकम माग गर्ने ।



Office of the Attorney General, Nepal

- गलत कागजात तयार गर्ने (Preparing false documents): कम्प्युटरको गलत प्रयोग गरी नक्कली प्रमाणपत्र बनाउने, नक्कली भिषा स्टिकर बनाउने, भिषा सम्बन्धी नक्कली कागजात तयार गर्ने, एकको फोटो स्क्यानिङ्ग गरेर अर्काको नाममा टाँस गर्ने ।

- अश्लीलता (Pornography) : अश्लील चित्र वा भिडियो तयार गरी कसैलाई पठाउने वा यौन प्रस्ताव राख्ने वा सोको लागि रकम माग गर्ने वा पठाउन लगाउने ।

- तनाव सिर्जना (Harassment): कसैलाई बारम्बार सन्देश पठाई तनाव गराउने, प्रेम प्रस्ताव राख्ने र सोको लागि धम्कीसमेत दिने ।

- Hacking गर्ने: कसैको कम्प्युटर वा Electronic devices मा क्षति पु-याउने उद्देश्यले Network को माध्यमबाट Virus प्रवेश गराउने, अर्काको सूचना प्राप्त गर्ने र गोप्य सूचनाको दुरूपयोग गर्ने ।

- कारोबारको अपचलन गर्ने : विद्युतीय यन्त्र वा प्रणालीको दुरुपयोग गरी कारोबारमा अपचलन गर्ने । जस्तै : एटिएम कार्डको पिन नम्बर ह्याक गरेर अरुको रकम निकाल्ने, एउटाको बैंक खाताको रकम अर्केको नाममा हालिदिने, कुनै टिभी स्टेशनको प्रसारण ब्ल्याक आउट गर्ने, आदि ।

### १.९.७ विद्युतीय कसूरदारका किसिम

हालसम्मको अनुभव र प्रवृत्तिका आधारमा निम्न प्रकारका विद्युतीय कसूरदारहरुको पहिचान भएको देखिन्छ :

१) Insider Threats: कुनै संघसंस्था वा निकायमा काम गर्ने त्यस्ता छद्म व्यक्तिहरु जसले आर्थिक वा राजनीतिक कारणले आफ्नै संस्थाको विद्युतीय प्रणालीमा नोक्सान पु-याउँछन् वा गोपनीयता भंग गर्छन् ।

२) Hackers: अरुको कम्प्युटर प्रणालीमा घुसपैठ गर्ने, त्यसलाई काम नलाग्ने बनाइदिने वा पासवर्ड चोरी गरेर सूचना सार्वजनिक गर्ने व्यक्तिहरु । असल प्रयोजनका लागि वा कुनै प्रणालीको सुरक्षास्थिति जाँच गर्नेहरुलाई Ethical Hacker समेत भन्ने गरिन्छ ।

३) Hacivists: राजनीतिक प्रचारबाजीका लागि संस्थापन पक्षको कम्प्युटर प्रणालीमा अनाधिकृत पहुँच पु-याई प्रचारसामग्री फैलाउने व्यक्तिहरु यसभित्र पर्दछन् ।

Office of the Attorney General, Nepal

४) Virus Writers: भाइरस, मालवेयरजस्ता सफ्टवेयर तयार गर्ने व्यक्तिहरु जसलाई Human Trash समेत भनिन्छ[१] ।

५) Sensitive Intruders: कसैको कम्प्युटर वा नेटवर्कमा अनाधिकृत प्रवेश गरी संवेदनशील सूचना वा तथ्यांक प्राप्त गर्नेहरु[२] ।

६) Cyber Warriors: कुनै राष्ट्रविरुद्ध अर्को राष्ट्रले योजनाबद्ध रुपमै खटाएका साइबर लडाकुहरु जसको काम उक्त राष्ट्रका विद्युतीय प्रणालीहरु ध्वस्त पार्ने र गोपनीय सूचना प्राप्त गर्ने हुन्छ । हाल उत्तर कोरियाले अमेरिकालगायतका मुलुकमा यस्तै साइबर लडाकुहरु तैनाथ गरेको आरोप लाग्ने गरेको छ ।

७) Terrorists : सरकारी कामकाज र सेवाप्रवाहमा अवरोध ल्याउने वा जनतालाई आतंकित पार्ने काममा कम्प्युटर प्रणालीको दुरुपयोग गर्ने व्यक्तिहरु ।

### १.९.८ विद्युतीय कानुनको अर्थ

कानुनका विधाहरुमध्ये तुलनात्मक रुपमा नवीनतम शाखाको रुपमा रहेको विद्युतीय कानुन (Cyber Law) ले कम्प्युटर, संजाल (Network), सफ्टवेयर, तथ्यांक संग्रहण उपकरण (Data Storage Devices), वेबसाइट, इमेल, मोबाइल फोन, एटिएम मेशिनजस्ता विद्युतीय साधन र प्रणालीहरुको रोहमा मानवीय व्यवहारलाई निर्देशित एवं नियन्त्रित गर्दछ । विद्युतीय कानुनअन्तर्गत ती ऐन तथा नियम पर्दछन् जसलाई सम्बन्धित सरकारले स्वीकृत गरी कुनै खास क्षेत्रभर तहाँका सबै प्राकृतिक एवं कानुनी व्यक्तिले पालना गर्ने गरी जारी गरिएका हुन्छन् । यस कानुनको उल्लंघनले कैद, जरिवाना र क्षतिपूर्तिजस्ता कारवाहीहरुलाई निम्त्याउँदछ । मूलतः विद्युतीय कानुनले निम्न कुराहरुसँग सम्बन्ध राख्दछ[३] :

क) विद्युतीय अपराध - कम्प्युटर प्रणालीलाई हतियार वा शिकार बनाएर गरिने कसूरहरु ।

ख) विद्युतीय र डिजिटल हस्ताक्षर - सूचना प्रापक र प्रेषकको आधिकारिक पहिचान स्थापित गर्ने कुँजी ।

ग) बौद्धिक सम्पत्ति - मस्तिष्कको प्रयोगबाट आर्जित प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन, सूत्रजस्ता सम्पत्ति ।

Office of the Attorney General, Nepal

---

[१] रत्नबहादुर बागचन्द, साइबर अपराध र हाम्रो न्यायिक अभ्यास : एक विश्लेषण, प्रतिपादन (२०७३), पृष्ठ १-१७, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं ।

[२] ऐ.ऐ.

[३] Narayan Prasad Sharma, *Cyberspace and the Cyber Law*, Kathmandu, Koselee Prakashan, p. 55, (2015)

घ) सूचनाको संरक्षण र गोपनीयता - व्यापारिक वा सामरिक महत्वका सूचनाको सुरक्षा ।

विद्युतीय उपकरणहरुमा हाम्रो बढ्दो निर्भरतासँगै संसारभरि नै विद्युतीय कसूरहरुको घटनादरमा नाटकीय बढोत्तरी भएको छ । हाम्रो जीवनशैली विद्युतीय बनेसँगै यसको दुरुपयोगका घटना एवं संभावनाहरुलाई न्यून गर्न नेपालसहितका अन्य मुलुकहरुमा विद्युतीय कारोबारको नियमनसम्बन्धी कानुनको तर्जुमा गरी आ-आफ्नो क्षेत्राधिकारमा लागू गरेका छन् । नेपालमा दूरसंचार र इन्टरनेट प्रयोगकर्ता बढेसँगै यसको दुरुपयोगका घटनासमेत दिनहुँ बढिरहेका छन् । सूचना प्रविधिको प्रयोगलाई महत्व दिईदै गर्दा गम्भीर प्रकारका जोखिमहरुसमेत देखा परिरहेका छन् । नेपालमा साईबर जोखिम र खतराका बारेमा गम्भीर अध्ययन अनुसन्धान भईरहेको देखिँदैन । तथापि, यस क्षेत्रमा प्रहरीभित्र अनुसन्धान गर्न छुट्टै निकाय गठन गरेर कामको शुरुआत भएको छ । विद्युतीय सूचनाको प्रयोग र यसबाट उत्पन्न अनपेक्षित नतिजालाई सुरक्षित रुपमा सम्बोधन गर्न सकिएको छैन । यसका लागि असली हार्डवेयर र सफ्टवेयर प्रयोगलाई बढावा दिन र यस क्षेत्रमा उच्चतम ध्यान दिई लगानी गर्नुपर्ने हुन्छ । यस प्रयोजनका लागि सेवाग्राही, सेवाप्रदायक निकाय र सेवाको नियमनकर्ता निकायबीच तादाम्यता आवश्यक पर्दछ । यस सम्बन्धमा, इन्टरनेट सोसाइटी नेपाल लगायतका सरोकारवालाले साइबर सुरक्षाको विषयमा निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ । विद्युतीय कारोबारका अभिकर्ता (Actors) लाई एउटै थलोमा निम्ताएर छलफल गर्ने, नीतिको पुनरावलोकन गर्ने, कार्यान्वयन गर्ने निकायको सबलीकरण गर्नुपर्दछ । अनलाईनमार्फत बालयौन पर्यटनका संगठीत अपराधीहरुले बालबालिकालाई पञ्जामा पार्ने संभावना उत्तिकै हुने हुंदा साइबर अपराधमा रोकी, हेरी मात्र अघि बढ्ने सोचलाई मनन गर्नुपर्ने देखिन्छ ।

कानूनको उद्देश्य अपराधको नियन्त्रण गर्नु रहेको हुन्छ र १० अपराधी छुटुन् तर एक निर्दोष व्यक्तिले सजाँय नपाउन भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्तमै फौजदारी कानूनको प्राण बाँचेको हुन्छ । सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०६८ र प्रायशः सरकारी कार्यालयमा सूचना प्रविधि तथा विद्युतीय सुशासन शाखाको स्थापना भएता पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ ।

■ ■ ■

Office of the Attorney General, Nepal

# परिच्छेद २

## विद्युतीय कारोबार कानुनहरुको उत्पत्ति र विकासक्रम

### २.१ अन्तर्राष्ट्रिय कानुनको विकासक्रम

मानवाधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १९ ले प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने, जस अन्तर्गत बिनाकुनै वन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुने उल्लेख गरेको छ । विश्वमा कम्प्युटर कानुनको बारेमा प्रकाशित पहिलो आलेख सन् १९६० मा प्रकाशित Roy N. Freed द्वारा लिखित A Lawyer's Guide through the Computer Maze लाई मानिन्छ[४] । सन् १९७० देखि मुलुकहरुले व्यक्तिगत गोपनीयता जोगाउन मोटामोटी रुपमा कानुन निर्माण गर्न थाले । Organization for Economic Cooperation and Development (OECD) र Council of Europe (CoE) का Model Laws माआधारित भएर यी कानुनहरु तयार भए । तत्कालीन पश्चिम जर्मनीले १९७० मा पहिलोपटक Data Protection Law तर्जुमा गऱ्यो[५] । त्यसपछि स्वीडेन (१९७३), अमेरिका (१९७४), पूर्वी जर्मनी (१९७७) र फ्रान्स (१९७८) ले समेत तथ्यांक संरक्षणमा कानुनी व्यवस्था गर्न थाले । विशुध्द कम्प्युटर कारोबारमै केन्द्रित कानुन बनाउने श्रेय भने संयुक्त राज्य अमेरिकालाई जान्छ जसले सन् १९८४ मा Computer Fraud and Abuse Act बनाई लागू गऱ्यो जुन अद्यापि बहाल छ[६] । विश्वमा साइबर अपराध सबैभन्दा बढी हुने मुलुकको सूचीमा अमेरिका पहिलो स्थानमा आउँछ ।

यसै सन्दर्भमा विश्वभरिका विद्युतीय कानुनहरुमा एकरुपता ल्याउनका लागि United Nations Commission on International Trade Law (UNCITRAL) ले सन् १९९६ मा Model Law on Electronic Commerce र २००५ मा Model Law on Electronic Signature जारी गऱ्यो । यसैगरी, WIPO Copyright Rules, 1996 र WIPO Performance and Phonograms Treaty Rules, 1996 हरुले मूलतः प्रतिलिपि अधिकारसँग सम्बन्ध राख्ने भएता पनि विद्युतीय माध्यमबाट प्रतिलिपि अधिकार उल्लंघन गरेकोमा उपचारको व्यवस्था गरेकोले यसलाई पनि सान्दर्भिक रुपमा लिन

Office of the Attorney General, Nepal

[४] ऐ. ऐ.पृष्ठ ५६

[५] ऐ. ऐ.पृष्ठ ५७

[६] ऐ. ऐ.पृष्ठ ५७

सकिन्छ। यस क्रममा, अक्टोबर २४, १९९९ मा Internet Corproation for Assigned Names and Numbers ले डोमेन नेमका विवादहरु हल गर्न Uniform Domain Name Dispute Resolution Policy जारी गर्‍यो[७]।

विश्वमा इन्टरनेटको आरम्भ सन् १९९० को दशकमा भएता पनि कम्प्युटर र इन्टरनेटजन्य कसूरलाई सम्बोधन गर्ने पहिलो क्षेत्रीय महासन्धिको रुपमा युरोपेली युनियनभर सन् २००१ देखि लागू Budapest Convention on Cyber Crime लाई लिन सकिन्छ[८]। यस विषयमा पहिलो अन्तर्राष्ट्रिय महासन्धि हालसम्म तयार भएको देखिँदैन। क्षेत्रीय सन्धिकै निरन्तरतास्वरुप जून २०१० मा ५ वटा पूर्वी अफ्रिकी मुलुकहरु बुरुण्डी, केन्या, रुवाण्डा, तान्जानिया र युगाण्डा मिलेर साइबर अपराधको नियन्त्रणका लागि Framework for Cyber Laws मस्यौदा गरी कार्यान्वयनमा ल्याए[९]। विश्वका कुल साइबर अपराधमध्ये करिब २३ प्रतिशत अमेरिकामा हुन्छन् भने दोस्रो चीनमा ९ प्रतिशत र तेस्रो जर्मनीमा ६ प्रतिशत हुने गरेको सिमेन्टकको अध्ययनले देखाएको छ।[१०] यस सन्दर्भमा विभिन्न नेपाल लगायत प्रमुख मुलुकहरुमा क्रियाशील विद्युतीय कारोबारसँग समेत सम्बन्ध राख्ने कानुनहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| **(क) नेपाल** | **(ख) भारत** | **(ग) संयुक्त राज्य अमेरिका** | **(घ) संयुक्त अधिराज्य** |
|---|---|---|---|
| ▪ गाली बेइज्जति ऐन, २०१६<br>▪ दूरसञ्चार ऐन, २०५३<br>▪ प्रतिलिपि अधिकार ऐन, २०५९<br>▪ विद्युतीय कारोबार ऐन, २०६३ | ▪ भारतीय दण्डसंहिता, १८६०<br>▪ प्रमाण ऐन, १८७२<br>▪ फौज्दारी कार्यविधि संहिता, १९७३<br>▪ सूचना प्रविधि ऐन, २००० | ▪ Computer Fraud and Abuse Act, 1984<br>▪ Electronic Communications Privacy Act, 1986<br>▪ Digital Millenium Copyright Act, 1988 | ▪ Obscene Publications Act, 1959<br>▪ Forgery and Counterfeiting Act, 1981<br>▪ Police and Criminal Evidence Act, 1984 |

[७] ऐ. ऐ.पृष्ठ ५७

[८] ऐ. ऐ.पृष्ठ ५८

[९] ऐ. ऐ.पृष्ठ ५९

[१०] गोकर्ण प्रसाद उपाध्याय, बढ्दो साइबर अपराधको जोखिम, http://www.karobardaily.com/news

Office of the Attorney General, Nepal

| | | | |
|---|---|---|---|
| ▪ विद्युतीय कारोबार नियमावली, २०६४ | | ▪ Electronic Signature in Global and National Commerce Act, 2000 | ▪ Computer Misuse Act, 1990<br>▪ Data Protection Act, 1998<br>▪ Regulation of Investigatory Power Act, 2000 |

अभिव्यक्ति स्वतन्त्रताको सवालमा नेपाल र भारतको संविधानमा खासै फरक रहेको पाइँदैन ।

## २.२. नेपालमा विद्युतीय कारोबार कानुनको विकासक्रम

नेपालमा कम्प्युटरको प्रयोग सन् १९७१ (२०२८ साल) इन्टरनेटको प्रवेश सन् १९९४ (२०५१ साल) मा भएता पनि दूरसञ्चार ऐन, २०५३ लाई विद्युतीय पक्षसँग सम्बन्ध राख्ने पहिलो ऐनका रुपमा लिन सकिन्छ । प्रतिलिपि अधिकार ऐन, २०५९ ले विद्युतीय सृजनाहरुमा समेत प्रतिलिपि अधिकारलाई सुनिश्चित गरेको हुँदा यसलाई पनि विद्युतीय पाटोसँग जोडिने अर्को कानुन मानिन्छ । तथापि, विशुद्ध विद्युतीय कारोबारसँग सम्बन्धित पहिलो कानुनको रुपमा विद्युतीय कारोबार नियमावली, २०६१ लाई मान्ने गरिन्छ जसलाई विद्युतीय कारोबार नियमावली, २०६४ ले प्रतिस्थापन गऱ्यो । पहिलो विशेष कानुनको रुपमा विद्युतीय कारोबार ऐन, २०६३ तर्जुमा गरियो, जुन अद्यापि बहाल छ ।

■ ■ ■

Office of the Attorney General, Nepal

# परिच्छेद ३

## विद्युतीय कारोबार ऐन, २०६३ का मुख्य व्यवस्थाहरु

### ३.१ विद्युतीय कारोबार ऐन, २०६३, अनुसन्धान र अभियोजन

नेपालमा विद्युतीय कारोबारलाई निर्देशन एवं नियमन गर्ने अग्रणी कानुनको रुपमा विद्युतीय कारोबार ऐन, २०६३ रहेको छ । कुल १२ परिच्छेद र ८० दफामा विभक्त यस ऐनको प्रस्तावनाबाटै ऐनको अभिष्ट जानकारी हुन्छ, जसमा भनिएको छ : *विद्युतीय तथ्याङ्क आदान-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सृजना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले यो ऐन जारी भएको हो ।* विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ लाई यसको प्रस्तावना वमोजिम व्याख्या गर्दा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधूर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गरी कसैले विद्युतीय कारोबार गर्दछ भने त्यस्तो व्यक्तिलाई यो ऐनको क्षेत्राधिकार भित्र पर्दछ । यस सन्दर्भमा ऐनको दफा ४७ ले आपत्तिजनक सामग्रीलाई मूलतः निम्न ४ भागमा विभक्त गरेको छ :

- कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू ।
- सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री ।
- कसैप्रति घृणा वा द्वेष फैलाउने सामग्री, र
- विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू ।

विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४ देखि ४९ सम्म विभिन्न कम्प्युटरसम्बन्धी अपराधको परिकल्पना र परिभाषा गरिएको छ । ऐनको दफा ४५ ले कम्प्युटर सामग्रीमा अनाधिकृत पहुँचउपर रोक लगाएको छ । सोबमोजिम, कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहको कुनै कायर्क्रम, सूचना वा

Office of the Attorney General, Nepal

तथ्याङ्कमा पहुंच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुंच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसुरको गम्भीरता हेरी २ लाख रुपैयाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । साथै, कुनै व्यक्तिले उपरोक्त कसूर पटकपटक गरेमा त्यस्तो कसूर वापत अघिल्लो पटक भएको सजायको डेढी सजाय हुनेछ । ऐनको दफा ४६ बमोजिम कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउन वर्जित छ । यसअनुसार, कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानिनोक्सानी पुऱ्याउने मनसाय राखी जानी-जानी कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

यसैगरी, ऐनको दफा ४७ विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्न प्रतिबन्ध लगाएको छ । यस व्यवस्थानुसार, कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । कुनै व्यक्तिले उपरोक्त कसूर पटक पटक गरेमा त्यस्तो कसूर वापत अघिल्लो पटक भएको सजायको डेढी सजाय हुन्छ ।

विद्युतीय कारोबार ऐन, २०६३ को दफा ७८ ले दिएको अधिकार प्रयोग गरी विद्युतीय कारोबार नियमावली, २०६४ जारी गरिएको हो । मिति २०६४।०४।२१ देखि लागू यस नियमावलीमा कुल ६ परिच्छेद, ४२ वटा नियम र ६ वटा अनुसूची रहेका छन् । ऐनका रहेका प्रबन्धहरुलाई थप प्रष्ट पार्दै, कार्यविधिगत कुराहरु व्यवस्था गर्दै सोको कार्यान्वयनमा सघाउने दृष्टिले यो विद्युतीय कारोबार नियमावली जारी गरिएको हो । यसै नियमावलीका आधारमा नेपालमा पहिलोपटक विद्युतीय हस्ताक्षर (डिजीटल सिग्नेचर) शुभारम्भ भईसकेको छ ।

यस सन्दर्भमा विद्युतीय कारोबार ऐन, २०६३ ले कसुर मानेका कार्य र तिनमा आकर्षित हुने दण्डसजायलाई संक्षेपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

Office of the Attorney General, Nepal

| दफा | कसूर | दण्ड सजाय |
|---|---|---|
| ४४ | कम्प्युटर कम्प्युटर स्रोतसङ्केतको चोरी, नष्ट वा परिवर्तन गर्ने तको चोरी, नष्ट वा परिवर्तन गर्ने | तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय। |
| ४५ | कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच कायम गर्ने | कसूरको गम्भीरता हेरी दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय । |
| ४६ | कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने | दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय । |
| ४७ | विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्ने | -एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय ।<br>-पटक पटक गरेमा त्यस्तो कसूर वापत अघिल्लोपटक भएको सजायको डेढी सजाय हुने । |
| ४८ | सूचनाको गोपनीयता भङ्ग गर्ने | कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय । |
| ४९ | झुट्टा व्यहोराको सूचना दिने | एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय । |
| ५० | झूट्टा इजाजतपत्र वा प्रमाणपत्र पेश गर्ने वा देखाउने | कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय । |
| ५१ | तोकिएको विवरण वा कागजात दाखिला नगर्ने | पचास हजार रुपैयाँसम्म जरिवाना । |
| ५२ | कम्प्युटर जालसाजी गर्ने | एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय । |

Office of the Attorney General, Nepal

| | | |
|---|---|---|
| ५३ | कम्प्युटर सम्बन्धी कसूर गर्न दुरुत्साहन गर्ने | कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय । |
| ५४ | मतियारलाई | मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय । |
| ५८ | अन्य सजाय | यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा त्यस्तो उल्लंघनका लागि कुनै सजायको व्यवस्था गरिएको रहेनछ भने त्यस्तो उल्लंघनकर्तालाई त्यस्तो उल्लंघनको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय । |

**३.२ विद्युतीय कसूरमा अनुसन्धान**

अभिव्यक्ति स्वतन्त्रता, सार्वजनिक महत्वको मुद्दा, सूचना तथा प्रविधि कानुनका विषय जीवनका पहलुभित्र पर्दछन । यस सन्दर्भमा विद्यमान विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत गत ५ वटा आर्थिक वर्षमा दर्ता भएका मुद्दाहरुको फेहरिस्त यसप्रकार प्रस्तुत गरिएको छ :

| क्र.सं | आर्थिक वर्ष | संख्या |
|---|---|---|
| १. | ६८/६९ | ९ |
| २. | ६९/७० | १९ |
| ३. | ७०/७१ | ३८ |
| ४. | ७१/७२ | ३५ |
| ५. | ७२/७३ | ३८ |

यस सन्दर्भमा हालसम्मको अनुसन्धान अभावबाट प्रभावकारी साईवर तथा हाईटेक अपराध अनुसन्धानको लागि चालिनुपर्ने कदमहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

१. अधिकांश सामाजिक सञ्जालहरुको प्रधान कार्यालय रहेको संयुक्त राज्य अमेरीका र नेपाल सरकारबिच तत्काल MLAT गर्नुपर्ने ।

Office of the Attorney General, Nepal

२. नेपाल सरकारले तोकेको नियामक निकायले ISP हरुलाई ईन्टरनेट सेवा (Hot-Spot, Free Wi-Fi) प्रयोगकर्ताहरुको अनिवार्य रुपमा फोटो सहितको बिवरण (Contact Details र Subscriber Details)प्रष्ट रुपमा खुल्ने गरी राख्न लगाउने तथा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने । साथै उक्त विवरण अनुसन्धानको क्रममा सम्वन्धित निकायबाट माग भई आएमा अनिवार्य उपलब्ध गराउनुपर्ने ।

३. सर्वसाधारण मानिसहरुले प्रयोग गर्ने गरेका विद्युतीय सामाग्री तथा सेवा र त्यस्तो सेवाको दुरुपयोग गर्दा उत्पन्न हुनसक्ने कानुनी दायित्वका बारेमा नेपाल सरकारले व्यापक रुपमा प्रचार प्रसार गर्नु पर्ने ।

४. साईवर तथा हाईटेक अपराध अनुसन्धान सम्बन्धमा स्वदेश तथा विदेशमा तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनुपर्ने ।

### ३.३ नेपालमा विद्युतीय कसूरको प्रवृत्ति

नेपालमा विद्युतीय कसूरको प्रवृत्तिलाई निम्न अपराधहरुको सेरोफेरोमा केलाउन सकिन्छ :

- Computer frauds
- Frauds with electronic means of payment
- Intrusion attacks
- Spamming
- Deliberate circumvention of computer security systems
- Unauthorized access to or modification of programs
- Intellectual property theft, including software piracy
- Industrial espionage by means of access to or theft of computer materials
- Identity theft where this is accomplished by use of fraudulent computer transactions
- Writing or spreading computer viruses or worms

Office of the Attorney General, Nepal

- Salami slicing is the practice of stealing money repeatedly in extremely small quantities Denial-of-service attack, where company websites are flooded with service requests and their website is overloaded and either slowed or crashes completely.
- Making and digitally distributing child pornography

### ३.४ विद्युतीय कसूरमा अभियोजन

विद्युतीय अपराधहरु आर्थिक अपराधको एउटा जटिल पाटोको रुपमा समेत रहन गएका छन् । अपराधीहरुले लाभ पाउने उद्देश्यका साथ छानी छानी सोझा सीधा व्यक्तिहरुलाई निशाना बनाउने गरिन्छ । त्यसैले अहिले यस्ता अपराध अनुसन्धान र तहकीकातको लागि सूचना प्रविधिसम्बन्धी विशेष दखल भएका साइबर प्रहरी र प्रमाणको परीक्षण गर्ने साइबर फोरेन्सीक ल्याबसमेत आवश्यक भइसकेको छ । हरेक इन्टरनेट सेवा प्रदायक संस्थाले प्रयोगकर्ताको छुट्टै लगबुक राख्ने हो भने अनुसन्धानबाट अपराधी सजिलै चिन्न सकिन्छ । अपराधीहरूले यस्ता अपराध घर, कार्यालय, साइबर क्याफे वा यस्तै अन्य गोप्य स्थानमा बसेर गर्ने र सबैको सामु देखा नपर्ने हुँदा अपराधी चिन्न गाह्रो हुन्छ ।

नेपालको सन्दर्भमा विद्युतीय कारोबार कसूरमा अभियोजन स्थितिको चर्चा गर्दा सुधारका संभावनाहरु स्पष्टतः प्रकट हुन्छन् । तुलनात्मक रुपमा नयाँ कानुन रहेको, प्राविधिक विषय सन्निहित रहेको तथा यस विषयमा योजनाबद्ध प्रशिक्षणसमेत नहुँदा सरकारी वकीलहरुमा विद्युतीय कारोबार कसूरको बुझाइमै कमी देखिन्छ । यसकारण, अभियोजनको पाटोसमेत मूलतः प्रहरीकै रायसहितको अनुसन्धान प्रतिवेदनबाटै निर्देशित हुने गरेको छ । सैद्धान्तिक ज्ञान र व्यावहारिक तालिमको अभावमा सरकारी वकीलहरुले प्राप्त प्रहरी रायमा रचनात्मक सुधार वा हस्तक्षेप गर्न सकिरहेका छैनन् । अनुसन्धानका क्रममा सार्थक निर्देशन दिनसमेत यसकारणले सकिएको छैन । विद्युतीय कारोबारको प्रकृति, प्रकार र ऐनको मकसदका बारेमा अल्पज्ञानका कारण अदालतमा बहसपैरवी गर्दासमेत सरकारी वकीलहरुको प्रस्तुति अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन । स्वयं अनुसन्धानकर्ता प्रहरी र मुद्दा छिन्ने न्यायाधीशमा समेत यससम्बन्धी अवधारणात्मक र प्रयोगात्मक बुझाईको कमी रहेको छ । जिल्लामा कार्यरत सरकारी वकीलहरुबाट प्राप्त जानकारीअनुसार पीडितको वा प्रतिवादीको रुपमा नाबालक रहेको अवस्थामा नाम, थर, वतन परिवर्तन गरेर गोपनीयता कायम गरिएको छ । केही मुद्दामा पीडित वयस्क नै भएता पनि निजको अनुरोधका आधारमा गोपनीयता राख्ने गरिएको छ । यस परिप्रेक्ष्यमा नेपाल सरकारले मिति २०६४।१२।२५ मा

Office of the Attorney General, Nepal

निर्णय गरी कामचलाउ व्यवस्थाको रुपमा विद्युतीय अपराधसम्न्धी मुद्दा हेर्ने गरी काठमाडौं जिल्ला अदालतलाई क्षेत्राधिकार तोकिएको छ[११] । ऐनले दफा ६० मा विद्युतीय कसूरका मुद्दामा शुरु कारबाही र किनारा गर्न दफा ६१ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि न्यायाधिकरणको गठन गर्ने कुरा र दफा ६६ मा उक्त न्यायाधीकरणका फैसला वा आदेशउपर पुनरावेदनको रोहमा इन्साफ गर्न योग्यता पुगेका व्यक्तिहरुमध्येबाट कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि पुनरावेदन न्यायाधिकरणको गठन गर्ने व्यवस्था उल्लेख भएता पनि सोबमोजिमको संस्थागत संरचना हालसम्म बन्न नसक्दा अनुसन्धान, अभियोजन र न्याय निरुपण तीनवटै क्षेत्रमा लामो समयदेखि समस्या खड्किएको छ ।

ऐनमा व्यवस्थित क्षतिपूर्तिको मागदावी प्रायः सबै अभियोगपत्रहरुमा पर्ने गरेको छ । तथापि, अदालतबाट आदेश हुँदा कतिपय ठहर भएका मुद्दामा समेत क्षतिपूर्तितर्फ नबोलिदिँदा सोउपर पुनरावेदन गर्नुपरेको अनुभव सरकारी वकीलहरुसँग रहेको छ । संविधानको धारा २१ मा व्यवस्थित अपराधपीडितको हकअन्तर्गत आफ्नो मुद्दाको अवस्थाका बारेमा जानकारी लिनआउने पीडितहरुलाई मौखिक अनुरोधकै आधारमा पनि मुद्दाको तत्कालीन अवस्थाका बारेमा जानकारी गराउने गरिएको छ ।

स्वयं अनुसन्धानकर्ता प्रहरी र मुद्दा छिन्ने न्यायाधीशमा समेत यससम्बन्धी अवधारणात्मक र प्रयोगात्मक बुझाईको कमी रहेको छ । प्रहरी प्रधान कार्यालयमा यही डिसेम्बर १०, २०१५ मा Digital Forensic Lab को स्थापनासँगै यी मुद्दाको अनुसन्धानमा प्राविधिक विज्ञता थपिने देखिन्छ भने यससम्बन्धमा सरकारी वकीलहरुलाई समेत प्रायोगिक पाटोसमेत समेटिएको प्रशिक्षण दिन ढिला भइसकेको छ । विद्युतीय कारोबार र कसूरका बारेमा न्यायाधीशहरुलाई समेत अनुशिक्षणको आवश्यकता देखिन्छ । प्रहरी र सरकारी वकीलहरुलाई दिइने सेवाप्रवेश र सेवाकालीन तालिममा समेत यो विषयलाई महत्वका साथ राखिनु पर्दछ ।

[११] पुर्व पदटिप्पणी १, पृष्ठ १३



Office of the Attorney General, Nepal

## ३.५ विद्युतीय कारोबार ऐनअन्तर्गत अभियोजन र ठहरको तथ्यांकीय विवरण

### तालिका क

<u>जिल्ला सरकारी वकिल कार्यालयहरूमा विद्युतीय कारोबार मुद्दाको विवरण</u>

| क्र.सं. | आर्थिक वर्ष | अभियोजन सम्बन्धी | | | | लगत संख्या | | फर्छ्यौट संख्या | | | | | | | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दा चलाउने | | मुद्दा नचलाउने | | जम्मा लगत संख्या | | कसुर कायम | | सफाई | | फिर्ता, मुलतवी, तामेली, अन्य | | जम्मा | | | |
| | | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| १ | २०७०/०७१ | ४३ | ४६ | ० | ० | ५८ | ६४ | १३ | १७ | १५ | १६ | ० | ० | २८ | ३३ | ३० | ३१ |
| २ | २०७१/०७२ | ३५ | ३८ | ० | ० | ६६ | ७१ | २८ | २९ | २० | २२ | ० | ० | ४८ | ५१ | १८ | २० |
| ३ | २०७२/०७३ | ४३ | १४३ | ० | ० | ५८ | १६६ | ३० | ३२ | ११ | १५ | ० | ० | ४१ | ४७ | १७ | ११९ |

स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७०/०७१, २०७१/०७२, २०७२/०७३

प्रस्तुत तालिकाको अध्ययन गर्दा जिल्ला सरकारी वकील कार्यालयहरुबाट आ.व. २०७०।७१ मा भन्दा आ.व. २०७१।७२ मा विद्युतीय कारोबार मुद्दामा केही कमी आएको देखिएता पनि आ.व. २०७२।७३ मा यो पुनः बढेर आ.व. २०७०।७१ कै स्तरमा पुगेको देखिन्छ । प्रतिवादी संख्यासमेत आ.व. २०७२।७३ मा ह्वात्तै बढेर १४३ जना पुगेबाट एउटा कसूरमा एकभन्दा बढी अभियुक्त रहेको सहजै बोध हुन्छ । आ.व. २०७२।७३ सम्ममा ११९ जना प्रतिवादी संलग्न १७ वटा मुद्दाहरु फछर्यौट हुन बाँकी देखिन्छ ।

Office of the Attorney General, Nepal

## तालिका ख

**उच्च सरकारी वकिल कार्यालयहरूमा विद्युतीय कारोबार मुद्दाको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | २०७०/०७१ | ९ | ० | ० | १ | १ | ८ |
| २ | २०७१/०७२ | १४ | ४ | ४ | ० | ८ | ६ |
| ३ | २०७२/०७३ | ४३ | ० | १ | ० | १ | ४२ |

स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७०/०७१, २०७१/०७२, २०७२/०७३

उपरोक्त तालिकाको विवेचना गर्दा उच्च सरकारी वकील कार्यालयहरुमा क्रमागत रुपमा विद्युतीय कसूरसम्बन्धी मुद्दाहरुको बढोत्तरी भएको देखिन्छ । यसरी बढोत्तरी हुनु भनेको शुरु तहमा वादी नेपाल सरकारको मागदावीबमोजिम फैसला हुन नसकेको अवस्था हो । आ.व. २०७२।७३ को अन्तसम्ममा कुल ४२ वटा मुद्दाहरु उच्च अदालत तहबाट फैसला हुन बाँकी देखिन्छन् ।

Office of the Attorney General, Nepal

## तालिका ग

### महान्यायाधिवक्ताको कार्यालयमा विद्युतीय कारोबार मुद्दाको विवरण

| क्र.सं. | आर्थिक वर्ष | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | २०७०/०७१ | १ | ० | ० | ० | ० | १ |
| २ | २०७१/०७२ | १ | ० | १ | ० | १ | ० |
| ३ | २०७२/०७३ | ६ | १ | ० | ० | १ | ५ |

स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७०/०७१, २०७१/०७२, २०७२/०७३

उपरोक्त तालिकाको समीक्षा गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट दोहोराई पाऊँ वा पुनरावेदन गरिएका विद्युतीय कारोबारसम्बन्धी मुद्दामा आ.व. २०७२।७३ मा अध्ययन अवधिकै सबैभन्दा बढी ६ वटा मुद्दा सर्वोच्च अदालतमा विचारार्थ दायर भएको देखिन्छ। हालसम्म ५ वटा मुद्दा सर्वोच्च अदालतमा विचाराधीनसमेत देखिन्छन् ।

Office of the Attorney General, Nepal

## तालिका घ

### विद्युतीय कारोबार मुद्दाको विकास क्षेत्रगत तथ्याङ्क

| क्र.सं. | आर्थिक वर्ष | विकास क्षेत्र | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्वाञ्चल | मध्यमाञ्चल | उपत्यका | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | |
| १ | २०७०/०७१ | - | - | - | - | - | - | - |
| २ | २०७१/०७२ | १ | १ | ३२ | १ | ० | ० | ३५ |
| ३ | २०७२/०७३ | - | २ | ४१ | - | - | - | ४३ |

स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७०/०७१, २०७१/०७२, २०७२/०७३

विकास क्षेत्रगत तालिकाको विश्लेषण गर्दा आ.व. २०७०।७१ मा विद्युतीय कसूरसम्बन्धी एउटा पनि मुद्दा परेको देखिँदैन । आ.व. २०७१।७२ मा कुल ३५ वटा मुद्दा दायर गरिएकोमा ३२ वटा त केवल मध्यमाञ्चल विकास क्षेत्र (हालको ३ नं. प्रदेश) मै दर्ता देखिन्छ । आ.व. २०७२।७३ मा कुल ४३ वटा मुद्दा चलेकामा ४१ वटा मुद्दा सोही विकास क्षेत्रमा परेको देखिन्छ । मध्यमाञ्चल विकास क्षेत्रमा राजधानी काठमाडौं रहेको र बहुसंख्यक विद्युतीय गतिविधि, जनघनत्व यसै क्षेत्रमा हुने गरेका कारण विद्युतीय अपराधको केन्द्रीकरण हुनगएको सहजै बुझ्न सकिन्छ ।

Office of the Attorney General, Nepal

### ३.६ अभियोजनको सफलता र असफलताका आधार

अपराध अनुसन्धान तथा नियन्त्रणको जिम्मेवारी पाएको नेपाल प्रहरीले समाजमा बढ्दै गएका प्रविधिजन्य अपराधको अनुसन्धानको लागि संगठनभित्र रहेका संयन्त्रहरुलाई समयानुकुल परिमार्जन तथा सशंक्त बनाउँदै लैजानुपर्ने आवश्यकता देखिन्छ । सबै खालका संघसंस्था र व्यक्तिले विभिन्न कारोबारमा विज्ञान र प्रविधिको प्रयोग गरी व्यवसाय संचालन गरिरहेको वर्तमान अवस्थामा यस्ता श्रोत साधनको दुरुपयोग गरी अपराध गराउनसक्ने सम्भावना पनि त्यत्तिकै चर्को रुपमा देखिएको छ । मानिसको दैनिक कार्य लगायत विभिन्न कारोबारमा बढ्दो रुपमा प्रविधिको परनिर्भरताले प्रविधिजन्य आपराधिक खतरा पनि सोही अनुपातमा बढेको छ ।

विद्युतीय कारोबार ऐनको दफा ४४ देखि ४९ सम्म विभिन्न कम्प्युटरसम्बन्धी अपराधको परिकल्पना र परिभाषा गरिएको छ । आम संचार माध्यमलगायत सामाजिक संजाललाई समेत लक्षित गरी गरिएको उक्त व्यवस्था सर्वसाधारणले सामाजिक सन्जालमा गरेको टिका-टिप्पणीका विरुद्ध “कम्प्युटर सम्बन्धी कसूर” अन्तर्गत राखेर प्रयोग गरिने क्रम अहिले तीव्र रुपमा बढिरहेको छ । यसले संविधानद्वारा सुनिश्चित गरिएको विचार र अभिव्यक्ति स्वतन्त्रताको मौलिक हकमा सिधा कुण्ठित गरेका कारण सार्वजनिक सरोकारको विषयसमेत बन्न पुगेको छ । नेपालमा कम्प्युटर र ईन्टरनेटको प्रयोगबाट सामाजिक सञ्जालमा ठगी धन्दा र अपराधिक घटना बढ्दै गएकोले साइबर अपराधका नवीनतम प्रविधीलाई नियन्त्रण गरी सामाजिक सहिष्णुता कायम गर्नु आजको चुनौती रहेको छ । सबैभन्दा बढी विद्युतीय विचलन फेसबुक र मोबाइलबाट हुने भएकोले त्यस्ता गतिविधिको निगरानी र नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

### ३. ७ मौजूदा कानूनी व्यवस्था र नेपालमा विद्युतीय अपराधको प्रवृत्तिको विवेचना

नेपालमा पनि विद्युतीय सूचना प्रणालीको विकाससँगै विद्युतीय अपराध बढ्दै गएको अवस्था छ । कम्प्युटर प्रणालीको दुरूपयोग गरी गलत सूचना संप्रेषण गर्ने, मानसिक तनाव सिर्जना गर्ने, आर्थिक प्रलोभनमा पार्ने, प्रणालीमा खेलबाड गर्ने आदि घटनाहरू भएका छन् । विभिन्न निकायका प्रमाणपत्रहरू, लाइसेन्स, भिषाका कागजात नक्कली तयार गर्ने कार्य भएको पाइन्छ । श्रमका स्टिकरहरू, गोप्य चिन्ह (होलोग्राम) नक्कली बनाई ठगी गर्ने प्रवृत्ति बढेको छ । कम्प्युटर प्रविधिको दुरूपयोगबाट यस्तो कार्य हुने गर्दछ । विभिन्न अश्लील साइटहरू निर्माण गर्ने, अश्लील फोटोहरू प्रयोग गर्ने र ठगी गर्ने उद्देश्यले नक्कली प्रेम गर्ने कार्यमा समेत इन्टरनेट, इमेलको प्रयोग भएको छ । सूचना प्रविधिको दुरूपयोग गर्दै कल बाइपास गर्ने गिरोहहरु हरेक महिनाजस्तो पक्राउ पर्ने

Office of the Attorney General, Nepal

गरेका छन् । मोबाइलबाट एस.एम.एस. गरी धम्क्याउने, चन्दा माग गर्ने कार्यसमेत भएको देखिन्छ जुन कार्यलाई विद्युतीय कारोबार ऐन, २०६३ ले दण्डनीय बनाएको छ । कम्प्युटरबाट व्यक्तिगत देखि संस्थागतसम्मका गोप्य सूचनाहरु सार्वजनिक भएको, इन्टरनेटको माध्यमबाट लाखौं रुपैंया ठगिनुपरेको, वेबसाइटहरु बिगारिएको, नक्कली एटीएम कार्डबाट पैसा झिकिएको जस्ता घटनाहरुले विद्युतीय प्रणालीको विश्वसनीयतामा प्रश्नचिन्ह उठेको छ । विद्यमान विद्युतीय कारोबार ऐन यस सन्दर्भमा गोलमटोल र अस्पष्ट रहको देखिन्छ । अतः यस्तो अपराध नियन्त्रण गर्न बेग्लै कानूनको आवश्यकता टड्कारो छ ।

पहिलो त गाली बेइज्जति ऐन, २०१६ मा विद्युतीय माध्यमबाट गरिने बेइज्जतिलाई समेत समेटुने गरी समसामयिक संशोधन गर्नुपर्ने अवस्था छ । यसका साथै, कतिपय अवस्थामा प्रतिलिपि अधिकार ऐन र विद्युतीय कारोबार ऐनको प्रयोगमा समेत विरोधाभाष देखिएको छ । केही वर्षअघि प्रदर्शनमा आएको चलचित्र **कोहीनुर**को अनाधिकृत पुनरोत्पादनको हकमा यी दुवै ऐनको प्रयोग भएको देखिन्छ । **कोहीनुर** विद्युतीय माध्यममा छायाङ्कन गरिएको चलचित्र भएको हुनाले त्यस सन्दर्भमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ आकर्षित हुने हुँदा उल्लिखित दुवै ऐनका कसुरहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) भित्र समावेश रहेको सरकारवादी फौजदारी मुद्दा हुन् भन्ने जिकिर लिँदै सोसम्बन्धी अपराधको अनुसन्धान विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका कार्यालयले गरेको थियो । पछि अदालतबाट उक्त मुद्दा प्रतिलिपि अधिकार ऐनअन्तर्गत पर्ने ठहर भएको थियो ।

अनुसूची (१) मा समावेश भएको अपराध हुनाले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ को कसुरमा जाहेरी दरखास्त दर्ता गरी तदारूकताका साथ अनुसन्धान गर्नुपर्ने र अनुसन्धान समाप्त नभएसम्म अपराधको असर न्यूनीकरण गर्न इन्टरनेटमा राखिएका साइटहरू तत्काल रोक्ने बन्दोबस्त गर्ने दायित्व विपक्षी कार्यालयहरूको रहेको हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम जाहेरी दरखास्त दर्ता गरी भरपाई दिने कार्य विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका कार्यालयले नगरेको र विपक्षी जिल्ला प्रशासन कार्यालय तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयले समेत आफूले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ (५) बमोजिमको दायित्व पूरा नगर्दा निवेदकलाई मर्का परेकोले नेपालको संविधान बमोजिम विपक्षीको नाउँमा परमादेशको आदेश जारी होस् भनी रिट निवेदनहरुसमेत पर्ने गरेका छन् । यसैले भविष्यमा साइबर अपराधमा निष्पक्ष न्याय सम्पादनको

Office of the Attorney General, Nepal

लागि ऐनले परिकल्पना गरेका योग्यताप्राप्त व्यक्तिहरू सम्मिलित तीन सदस्यीय सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायधिकरणको गठन यथाशिघ्र हुनु पर्दछ । यससम्बन्धी अपराधको कारवाही र किनारा गर्ने कार्यमा न्यायाधिकरण नै सक्षम अदालत हुनेछ ।

### ३.८ विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को विश्लेषण

विद्युतीय कारोबार ऐन, २०६३ ले पछिल्ला दिनहरुमा देखिएको इन्टरनेट उच्छृंखलता, गुमनामी र छद्‌मभेषीले फाइदा उठाई यस प्रविधिलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने अपेक्षा गरेको छ । यस ऐनको प्रस्तावना हेर्दा यो ऐन विद्युतीय तथ्यांक आदान प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय संचार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सिर्जना, उत्पादन प्रशोधन, संचय, प्रवाह तथा संप्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण गर्न तथा नियमित गर्न र विद्यीतय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानुनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि, अर्थात इ–कमर्शलाई व्यवस्थीत गर्न एवं विद्युतीय सुशासनका लागि आएको देखिन्छ । इन्टरनेट प्रयोग नीति, इन्टरनेट माथिको सरल पहुँचको अभाव तथा नेटवर्क सुरक्षाको कमजोर अवस्था तथा तत्सम्बन्धमा न्यून ज्ञान विद्यमान रहेको अवस्थामा यो कानुन आफूलाई मन नपरेको व्यक्ति विरुद्ध इवी साँध्ने औजारको रुपमा प्रयोग हुने भनी आलोचनासमेत गरिएको छ । साथै, दुई व्यक्तिबीचको आन्तरिक संवादमा समेत तेस्रो पक्षको निगरानी हुने र त्यस्तो संवादलाई पनि प्रकाशनको रुपमा व्याख्या गरिने हो भने ऐनको उद्देश्य अलपत्र पर्न सक्छ ।

अर्कोतर्फ, अश्लील सामग्री र वयस्क सामाग्रीमा फरक नछुट्टाई गोश्वारा रुपमा यौनजन्य शब्द र यौनाङ्ग देखिने सबै तस्वीर र चलचित्रलाई निषेध गर्नु पनि तार्किक हुँदैन । साथै, सेवा प्रदायकहरुलाई इन्टरनेट सेवा उपलब्ध गराएकै भरमा तेस्रो पक्षको कसूरमा भागिदार बनाउने प्रवृत्ति कानुनको दृष्टिमा अव्यवहारिक देखिएको छ । गृह मन्त्रालयको सूचनाले सेवा प्रदायकलाई अश्लील तथा सार्वजनिक शिष्टाचार विपरितका सामाग्री रोक्नुपर्ने दायित्वलाई जोड दिएको छ । यसले इन्टरनेट सेवाप्रदायक (ISP) लाई विषयवस्तुको वैधता निर्क्योल गर्ने अधिकार दिएको छ । तर, यो विषय विवादास्पदसमेत हुनसक्छ । किनकि, कुन विषयवस्तु कानुनी हो र कुन गैरकानुनी हो भन्ने तजबिजी अधिकार निजी संस्थामा दिनु कानुनको सामान्य सिद्धान्त विपरीत हुन जान्छ । सूचना तथा संवादमाथि ISP को पहुँच हुने हो भने यसले प्रयोगकर्ताको गोपनीयताको अधिकारलाई हनन् गर्छ । यसलाई हुबहु मान्ने हो भने, ISP ले इमेल, भ्वाइस च्याट पनि अनुगमन गरेर बस्नुपर्ने हुन्छ । अतः

संविधानले प्रदान गरेको गोपनीयताको हकलाई उल्लंघन गर्ने गरी ISP हरुलाई दायित्व बहन गर्न लगाउनु कानुनसम्मत हुँदैन । अझ, अनुमति पत्र दिने र नियमन गर्ने स्वायत्त संस्थाको रुपमा स्थापित नेपाल दूरसंचार प्राधिकरणको कार्यक्षेत्रको विषय र गृह मन्त्रालयको सूचनाका प्रकृयाबीच सामजस्यता कायम गर्नुपर्ने देखिन्छ । हाल विद्युतीय कारोबार ऐन, २०६३ र दफा ४७ को प्रयोग गरेर अनुसन्धान अधिकारीले सबै खालका साइबर अपराधको सम्बोधन गर्दै आएको पाईन्छ । नेपालमा साइबर अपराधसम्बन्धी ठोस कानुनको अभावमा यही E-Commerce लाई व्यवस्थित बनाउन ल्याइएको कानुनको एउटा अमूर्त धारालाई प्रयोग गरेर विद्युतीय कारोबारका कसूरलाई नियन्त्रण गरिँदैछ ।

यसमा विद्युतीय स्वरुपमा कुनै गैरकानुनी विषयवस्तुको प्रकाशनलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले कसूर मानेको छ । यस दफाबमोजिम गरेको कसूरमा ५ वर्षसम्मको कैद वा १ लाख सम्मको जरिवाना वा दुवै हुनसक्ने व्यवस्था छ जुन अन्य कसूरमा भन्दा (अधिकतम ३ वर्षसम्म कैद वा २ लाखसम्म जरिवाना वा दुवै) निकै बढी पनि देखिन्छ । यस दफामा उल्लेख छ कि: "कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।"

विद्युतीय कानून र अपराधसम्बन्धी अल्पज्ञान एवं चेतनाले गर्दा मानिसलाई अनुचित प्रभाव पार्ने र ठगी गर्ने जस्ता अपराध सहजै हुने गरेका छन् । समाचार लेखेकै आधारमा पत्रकारलाई विद्युतीय कारोबार ऐन अन्तर्गत प्रहरीले कारबाही प्रकृया अघि बढाएपछि त्रसित बनेका पत्रकारले ऐनको दफा ४७ खारेजीको माग पनि गर्ने गरेको पाईन्छ । कतिपय विज्ञको धारणो 'समाचार लेखेकै आधारमा पत्रकारलाई विद्युतीय कारोबार ऐनको दफा ४७ लगउन मिल्दैन' भन्ने पनि छ ।

यस सन्दर्भमा २०७१।०२।१७ मा सामाजिक सञ्जाल फेसबुकमा सप्तरी प्रहरीले घूस लिने गरेको प्रतिक्रिया लेखेका सप्तरी, पोर्ताहाका अब्दुल रहमानलाई जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी

Office of the Attorney General, Nepal

प्रमुख दिनेश अमात्यले १८ दिन थुनेर मुद्दा चलाउन काठमाडौं पठाए। जिल्ला अदालत काठमाडौंले उनलाई रु. ५ हजार धरौटी लिएर छाड्यो ।[१२]

केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को दफा २(ग१) अनुसार, “सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरु सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने” कार्य सार्वजनिक अपराध हो । यस ऐनबमोजिम कारवाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रानुसार १० हजार रुपैयाँसम्म जरिवाना गर्न र पीडितलाई बिगोबमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ । अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा बढिमा ३५ दिनसम्म थुनामा राख्न सक्ने व्यवस्था छ । तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजायसमेत गर्नुपर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नकालागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्नेछ र त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोकेबमोजिम हुने व्यवस्था यस ऐनको दफा ६(१) ले गरेको छ । कतिपय विद्युतीय कसूरका मुद्दामा यस ऐनको समेत प्रयोग गर्ने गरिएको छ । तर, हालसम्म यो कानुनअनुसार कस्तो कुरा अश्लील हो भन्ने व्याख्या भएको छैन । अर्कोतर्फ, बढिमा ३५ दिन सम्म थुनामा राख्न सकिने कसूरलाई त्यो विद्युतीय स्वरुपमा जाने वित्तिकै ५ वर्ष कैद हुने गरी तोकिएको सजाय तार्किक पनि देखिँदैन । साथै, त्यस्ता सामाग्री डाउनलोड गरेर संचित गरेर राखेमा वा त्यस्ता सामाग्री प्रकाशन वा प्रशारण नगरी अर्को व्यक्तिलाई संप्रेषणमात्र गरे त्यसको परिणाम के हुने भन्ने पनि दफा ४७ ले प्रष्ट पार्न सकेको छैन । मनोरञ्जन, व्यापार मात्र होइन सूचना प्रवाहको सबैभन्दा छिटो माध्यम भएकाले पनि इन्टरनेटमा आधारित मिडिया (न्युज पोर्टल, सामाजिक सञ्जाल)मा अत्याधिक प्रयोगमा आउन थालेका छन् । विज्ञान-प्रविधिको नवीनतम उपलब्धि इन्टरनेटलाई अन्य उपलब्धि झैँ यसका पक्ष विपक्ष, राम्रा-नराम्रा पक्षमाथि नेपालमा विविध चर्चा चलिरहेका छन् । कसैले इन्टरनेटमा आएको अभिव्यक्तिलाई लिएर कडा आलोचना गर्ने त कसैले अन्य मिडिया जस्तै सहज रुपमा लिने कारण पनि यही हो ।

यो प्रावधानलाई टेकेर सामाजिक सन्जालमा व्यक्त भएका व्यक्तिगत टिकाटिप्पणीलाई समेत साइबर अपराधमा वर्गीकरण गरी फौजदारी अभियोगमा मुद्दा चलाउने क्रम चलिरहेको देखिन्छ । विद्युतीय

Office of the Attorney General, Nepal

[१२] http://nepalihimal.com/article of Damber...... 'विद्युतीय कारोबार ऐन, २०६३ लाई 'साइबर अपराध' नियन्त्रण गर्न प्रयोग गर्दा दुरुपयोगहुने देखिएको भन्ने लेखबाट उधृत गरिएको ।

कारोबार ऐन, २०६३ को दफा ४७(१) र (२) नेपालको संविधानसँग बाझिएको कारण प्रारम्भदेखि नै असंवैधानिक र अमान्य घोषित गर्न दिएका रिट निवेदनउपर अदालतमा सुनुवाई भइरहेको छ । नेपालमा इन्टरनेटको विस्तारसँगै डिजिटल माध्यममा आम नेपालीको सशक्त अभिव्यक्ति र सहभागिता दिनहुँ बढिरहेको र यसबाट देखिएका समस्यालाई समाधान गर्न न्यायिक पद्धति अपनाइएको छ । यी सबै घटना क्रममा एउटा समानता छ, त्यो हो - अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को प्रयोग ।

पछिल्लो समयमा विद्युतीय कारोबार ऐन, दफा ४७ को व्यवस्थालाई अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्ने हतियारको रूपमा प्रयोग गर्न थालेपछि सार्वजनिक रूपमा यस दफाका बारेमा चर्को बहस हुने गरेको छ । यस दफाको हालसम्मको प्रयोग र अभिव्यक्ति स्वतन्त्रता सम्बन्धमा एउटा सैद्धान्तिक बहस जरुरी देखिन्छ । कानुनको दुरुपयोग गर्दै फेसबुकमा एउटा कमेन्ट वा लाईक जस्ता विषयले समेत मुद्दामा स्थान पाएका छन् ।

■ ■ ■

Office of the Attorney General, Nepal

## परिच्छेद ४

## विद्युतीय कारोबारसम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण

### ४.१ न्यायिक दृष्टिकोण र पृष्ठभूमि

अपराधीलाई कानून बमोजिम दण्ड दिनु र निरपराधीलाई संरक्षण गर्नु न्यायको मान्य सिद्धान्त हो । सक्षम अदालतबाट निष्पक्ष न्याय पाउनु सबै नागरिकको अधिकार हो । नागरिकहरुको अधिकारको रक्षा गर्नु र पीडितलाई सक्षम अदालतबाट निष्पक्ष न्याय प्रदान गर्नु राज्यको दायित्व हो । मुलुकमा विद्युतीय कारोबारसम्बन्धी ऐन नियम बनेको एक दशक बितिसक्दा पनि न्यायाधिकरण गठन हुन नसक्नु भनेको सक्षम अदालतबाट हुने न्याय सम्पादनमा अवरोध हुनु हो ।

कुनै पनि व्यक्तिले कम्प्युटरको माध्यमबाट सामाजिक सञ्जालमा कमेन्ट, वाल पोष्ट, सहमति, असहमति जनाएकै कारणले राज्यले कानूनको दुरुपयोग गरी व्यक्तिलाई फौजदारी अपराधको शिकार हुनुपर्ने बाध्यता सृजना गरेको गुनासो आउन थालेको छ । अतः उक्त ऐनको दफा ४७(१)(२) असंवैधानिक, गैरकानूनी र नेपालको संविधानसंग बाझिएको तथा सार्वजनिक सरोकारको विषयको रुपमा नेपालको संविधानको धारा १, १६, १७(२)(क), १८, १९, २०, २७, ४६, १२८ र १३३ (१)(२)(३) को आधारमा विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ (१)(२) प्रारम्भदेखि नै अमान्य घोषित गर्न उत्प्रेषणका निवेदनसमेत सर्वोच्च अदालतमा परिरहेका छन् ।

उक्त दफा ४७ अमान्य घोषित गर्दा हुनजाने कानुनको शून्यता र साइबर अपराधसम्बन्धी स्पष्ट कानुनको निर्माण नहुन्जेलसम्म अदालतबाटै उपयुक्त निर्देशिका जारी गर्न र कानुन बनाउन परमादेश जारी गर्ने मागसमेत यी रिट निवेदनहरुमा लिने गरिएको छ । विद्युतीय कारोबार कानुनको यस्तो दुरुपयोगलाई रोक्न कतिपय राष्ट्रले साइबर कानूनको निर्माण गरी लागू गरेर यस्ता इन्टरनेटको दुरुपयोग गर्नेलाइ दूरुत्साहित गर्दै सजायसमेत गर्दै आएका छन् । यसै परिप्रेक्ष्यमा नेपालमा कम्प्युटर र विद्युतीय संचार माध्यमलाई नियमित गर्ने उद्देश्य राखी र साइबर अपराधलाई समेत रोकथाम गर्ने विद्युतीय कारोबार ऐन २०६३ बनाइ लागु गरिएको स्थिति छ ।

उक्त ऐनको दफा ४७(१) र (२) का प्रावधानमा प्रयोग भएका *घृणा* र *द्वेष* जस्ता शब्दावलीको दायरा व्यापक र अमूर्त देखिन्छ । सामाजिक सन्जालमा भएका नकारात्मक टिकाटिप्पणी, व्यक्तिको निजी विचारलाई समेत यसै दफाअन्तर्गत फौजदारी अभियोगमा राखेर विचार तथा अभिव्यक्तिको

Office of the Attorney General, Nepal

स्वतन्त्रतालाई कुन्ठित गरेर, नागरिकको मौलिक हक अधिकारमा आघात पु-याइरहेका शिकायतहरुसमेत पर्न थालेका छन् ।

विद्युतीय कारोबार ऐन, २०६३ ऐनमा "सामग्री" को परिभाषा नगरी आत्मपरक तवरले बुझ्न सकिने शब्दावली जस्तै "सार्वजनिक नैतिकता", "शिष्टाचार", "घृणा", "द्वेष" जस्ता शब्दको सहारामा व्यक्तिको वाक स्वन्त्रतामा अनुचित अंकुश लगाउने प्रावधान नेपालको संविधानको धारा १७(२)(क) विपरीत रहेको निवेदकहरुले दावी गर्ने गरेका छन् ।

विद्युतीय सञ्चार माध्यमहरुबाट दफा ४७ (१) द्वारा निषेध गरिएको कुनै सामग्रीहरु प्रकाशन वा प्रदर्शन गरेमा त्यो कसूर ठहरिने र त्यस्तै सामग्री अरु माध्यमद्वारा प्रकाशित वा प्रदर्शन गरेमा त्यसलाई कसूर नमानिने अवस्था आफैंमा विभेदकारी रहेको कुरा अदालतहरुमा पर्ने रिट निवेदनमा उल्लेख भएको पाइन्छ ।

यसै सन्दर्भमा, पत्रिकामा समाचार फेसबुकमा राखेपछि साइबर अपराधको मुद्दा खेपेका सिरहाका पत्रकारद्वय अर्जुन थपलिया र सन्तोष यादवलाई यही २०७४ असारमा काठमाडौं जिल्ला अदालतले सफाई दिएको छ[१३] । नेपाल पत्रकार महासंघ सिरहाका अध्यक्ष देवकुमार यादवले आफ्नो चरित्रहत्या गरेको भन्दै थपलिया र यादवविरुद्ध मुद्दा दायर गर्नुभएको थियो । न्यायाधीश पुनाराम खनालले पत्रिकामा छापिएको समाचारलाई फेसबुकमा राख्दा साइबर अपराध नहुने ठहर गर्दै सफाई दिनुभएको हो । महासंघ सिरहाका अध्यक्ष यादवले यौन दुर्व्यवहार गरेको भन्दै स्थानीय अनुकल्प दैनिकमा समाचार छापिएको थियो ।

यस परिप्रेक्ष्यमा अध्ययन समूहले प्राप्त कार्यादेशबमोजिम विद्युतीय कारोबार ऐनअन्तर्गत चलेका मुद्दाका हकमा काठमाडौं जिल्ला अदालतका ३० थान र सर्वोच्च अदालतको १ थान फैसलाको समीक्षा गरेको थियो । सर्वोच्च अदालतमा यस ऐनअन्तर्गत फैसला भइसकेको यही १ थान मुद्दाको मात्र पूर्णपाठ प्राप्त भएको थियो । उपलब्ध फैसलाहरुको विश्लेषणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

[१३] अन्नपुर्ण पोष्ट दैनिक, २०७४ असार २३



Office of the Attorney General, Nepal

## ४.२ विद्युतीय कारोबारसम्बन्धी कसूरका केही मुद्दामा अदालती फैसलाहरुको सारसंक्षेप

### क) काठमाडौं जिल्ला अदालत

| सि.नं. | जाहेरवाला | प्रतिवादी | अभियोग दावी | फैसला र फैसला मिति | फैसलामा जनाइएको कारण (कैफियत) |
|---|---|---|---|---|---|
| ०१ | काठमाडौंकी एलिजा श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार | भक्तपुरका सुमित भन्ने सरोज भुजु | प्रतिवादीले मोबाइल फोनबाट अश्लील सन्देश पठाउने, कल गर्ने, फेसबुकमा पीडितको नक्कली आइडी खोलेर अश्लील फोटो पोष्ट गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी बरामद मोबाइल तथा ल्यापटप दफा ५६ बमोजिम जफत गरी दफा ७६ अनुसार प्रतिवादीबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइदिने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०४।१८) | प्रतिवादीको इन्कारी बयान, साक्षीबाट सोको समर्थन र जाहेरवाली अदालतमा होस्टाइल भएकी । |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| ०२ | रुपन्देहीका शेरबहादुर रोकायको जाहेरीले वादी नेपाल सरकार | पाल्पाका गोपाल बन्जाडे | प्रतिवादीले नक्कली इमेल आइडी बनाई जाहेरवाला संलग्न संस्थाको बदनामी गरेको, भ्रामक सूचना फैलाएकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी बरामद कम्प्युटर, मोनिटर र पेनड्राइभ दफा ५६ बमोजिम जफत गरी दफा ७६ अनुसार प्रतिवादीबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइदिने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०३।१०) | जाहेरवाला अदालतमा उपस्थित नभएको, उक्त इमेलले समाजमा विकृति फैलाएको नभई सोबारे सचेत गराएको । |
| ०३ | बाँकेकी रञ्जू शर्माको जाहेरीले वादी नेपाल सरकार | बाँकेका विश्वास श्रेष्ठ | प्रतिवादीले जाहेरवालाको फेसबुक आइडी ह्याक गरी धम्कीयुक्त स्टाटस पोष्ट गरेको, मोबाइलबाट अश्लील सन्देश पठाएकोले निज | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०४।१८) | जाहेरवालाले फोन नउठाउने, जवाफ नदिने गरेकाले प्रतिवादीले आवेशमा आई सन्देश पठाएको, अश्लील शब्द प्रयोग गरी दुवैले एकअर्कालाई मोबाइलमा सन्देश |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) बमोजिम सजाय गरी दफा ७६ अनुसार प्रतिवादीबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइदिने । | | पठाउने गरेको, जाहेरवालाको फेसबुक एकाउण्ट यिनै प्रतिवादीले ह्याक गरेको भन्ने पुष्टि नभएको। |
| ०४ | काठमाडौंकी गंगाकुमारी पुनसमेतको जाहेरीले वादी नेपाल सरकार | चितवनका अमराज डल्लाकोटीसमेत ४ जना | म्यानपावर कम्पनीको र अर्को इमेल आइडीबाट जाहेरवालाका नाम, मोबाइल नं. तथा फोहोरी कुरा उल्लेख गरी विभिन्न व्यक्ति र कम्पनीको इमेलमा गलत कुरा पठाउने गरेकोले निज प्रतिवादीहरुलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी बरामद सिपियु, ल्यापटप र मूभी क्यामेरा दफा ५६ | वादी दावी नपुग्ने, प्रतिवादीहरुले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०४।१८) | जाहेरवालाहरु अदालतमा नआएको, प्रतिवादीले इन्कारी बयान गरेको, मिसिल संलग्न अश्लील फोटोहरु के-कुन इमेलबाट आएको हो, यकीन नभएको। |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम जफत गरी दफा ७६ अनुसार जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइदिने । | | |
| ०५ | काठमाडौंकी देवकी ढुंगेलको जाहेरीले वादी नेपाल सरकार | रामेछापका रोशन गजुरेल | प्रतिवादीले मोबाइलबाट जाहेरवालालाई अश्लील सन्देश पठाएको, फेसबुकमा जाहेरवालीको टाउकोमा अरुकै नग्न शरीर जोडी चरित्रहत्या गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गर्ने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७०।१०।१२) | जाहेरवाला अदालतमा अनुपस्थित, प्रतिवादीको इन्कारी बयान, साक्षीबाट सो इन्कारीको समर्थन, वादी दावी पुष्टि गर्ने वस्तुनिष्ठ सबुदप्रमाण पेश हुन नसकेको । |
| ०६ | बझाङ्की कल्पना विष्टको जाहेरीले नेपाल सरकार | झापाका कबिन कार्की | प्रतिवादीले आफ्नो मोबाइलबाट जाहेरवालाकी छोरीलाई अश्लील फोन गर्ने, सन्देश पठाउने, आफ्नो फेसबुक एकाउण्टमा जाहेरवालाको मोबाइल नम्बर र | प्रतिवादीले आरोपित कसूर गरेको ठहर हुँदा निजलाई रु १० हजार जरिवाना हुने । (मिति : २०७०।११।१२) | जाहेरवालाले अदालतमा आई जाहेरी व्यहोरा समर्थन हुने गरी बकपत्र गरेको, मौकाका साक्षीले प्रतिवादीलाई अदालतमै दोषी देखाएको र आफ्नो |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजकी छोरीको नाम राख्ने गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गर्ने। | | फेसबुक एकाउण्टमा अरु कसैले आपत्तिजनक विवरण राख्यो भन्ने कुरा पत्यारलायक नदेखिने। |
| ०७ | ललितपुरकी गीता श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार | मोरङ्गका कुन्दन श्रेष्ठ | अष्ट्रेलिया बस्ने जाहेरवालाकी छोरीसँग फेसबुकमा प्रेम सम्बन्ध बढाई, फेसबुकको इन्बक्समा पठाएको फोटोलाई प्रतिवादीले अश्लील बनाई, धम्की दिँदै पैसा माग गर्ने गरेको र १९ लाख ८० हजार ४४ रुपैंया ५० पैसा जाहेरवालाको परिवारबाट लिएखाएको समेत देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. तथा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) | प्रतिवादीले आरोपित कसूर गरेको ठहर भएकोले निजलाई ठगीको महलको ४ नं.ले एक वर्ष कैद हुने, विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) बमोजिम निजलाई रु २५ हजार जरिवाना हुने । ठगीको बिगो रु ९ लाखमात्र कायम भएकोले सोही रकम जरिवानासमेत हुने । | प्रतिवादीले मौका र अदालतमा समेत रु ९ लाख लिएको स्वीकारेकोले सोही बिगो कायम हुने । अन्य कुराको हकमा निजको मौकाको साबिती अन्य व्यहोराले खण्डित भएको नदेखिएको । जाहेरवालीले अदालतमा बकपत्र गर्दा आफ्नो किटानी जाहेरीलाई पुष्टि गरेको, मौकाका साक्षीले अदालतमा बकपत्र गर्दा यिनै प्रतिवादीको दोष देखाएको । |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय गरी दसीको सामान दफा ५६ बमोजिम जफतसमेत गर्ने । | (मिति : २०७२।०३।१५) | |
| ०८ | मकवानपुरकी रिताकुमारी खनालको जाहेरीले वादी नेपाल सरकार | काभ्रेका कपिलदेव थापा | प्रतिवादीले जाहेरवालाको मोबाइलमा अश्लील सन्देश र ज्यान मार्नेसम्मको धम्की दिई चरित्रहत्या गर्ने गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी दफा ७६ बमोजिम निजबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइपाउने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०३।०३) | ३५ दिने हदम्याद गुजारेर उजुरी परेको देखिएको, प्रतिवादी मौका र अदालतमा पूर्ण इन्कारी रहेको, निजको इन्कारी साक्षीहरुबाट समर्थित रहेको, नक्कली एसएमएस तयार गर्ने सफ्टवेयर विकास भएको अवस्थामा दूरसंचार कार्यालयले प्रमाणित नगर्दासम्म मान्यता पाउन नसक्ने, जाहेरवाला र प्रतिवादी १०-११ वर्षदेखि सँगै बसेको देखिँदा पहिलेको राम्रो सम्बन्धमा पछि विवाद आएको देखिने। |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| ०९ | काठमाडौंकी पुष्पाकुमारी थापा मगरको जाहेरीले वादी नेपाल सरकार | काठमाडौंकी सीमा गुरुङ्ग | जाहेरवालाकी कान्छी छोरीको सगाई भएकोमा यी प्रतिवादीले फेसबुकमार्फत छोरी, परिवारका अन्य सदस्य र हुनेवाला ज्वाईंउपर अश्लील तथा असामाजिक शब्दहरु प्रयोग गरी चरित्रहत्या गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद ल्यापटप र मोबाइल जफत गर्दै, दफा ७६ बमोजिम निजबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइपाउने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०१।०८) | कम्प्युटर लगायतका सामग्री प्राविधिककोमा परीक्षण गर्न पठाएको कुनै पत्र वा प्रमाण मिसिलसंलग्न नरहेबाट वादी नेपाल सरकारले केवल जाहेरवालाको भनाई र शंकाको आधारमा मात्र अभियोग दायर गरेको देखिने । |
| १० | धादिङ्गकी सम्झना महतसमेतको जाहेरीले वादी नेपाल सरकार | लमजुङ्गका ईभन जोशी | प्रतिवादीले आफ्नो मोबाइल नं.बाट जाहेरवालाहरुलाई विभिन्न अश्लील शब्दयुक्त सन्देश | प्रतिवादीको कसूर स्थापित हुने । निजलाई दफा ४७ बमोजिम रु ३० हजार | प्रतिवादी आफ्नो कार्यमा मौका र अदालत दुवैमा साबित रहेको । जाहेरवालाले जाहेरी |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पठाई मानसिक तनाव दिएको देखिँदा निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद मोबाइल जफत गर्दै, दफा ७६ बमोजिम निजबाट जाहेरवालाहरुलाई क्षतिपूर्तिसमेत भराइपाउने । | जरिवाना हुने, बरामद मोबाइल जफत हुने, निजले जाहेरवालीहरुलाई जनही रु १० हजार क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने । | समर्थन हुने गरी बकपत्र गरिदिएको । |
| ११ | काठमाडौंकी रीना डंगोल श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार | काठमाडौंका राजु डंगोल | प्रतिवादीले जाहेरवालाको अनुहारको भागको फोटोमा अरुकै नग्न तस्वीर मिसाई यौनजन्य कुरा लेखी चियापसलको भित्तामा टाँस गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद | प्रतिवादीले आरोपित कसूर गरेको ठहर्नाले निजलाई दफा ४७ बमोजिम रु २० हजार जरिवाना हुने । (मिति : २०७०।१२।२०) | जाहेरवाला र प्रतिवादीबीच पहिलेकै चिनजान रहेको देखिने, प्रतिवादीको सिपियुबाट जाहेरीमा लेखिएजस्तै मिल्दोजुल्दो तस्वीर बरामद भएको, निज मौकामा साबित रहेको, मौकाका साक्षीले निजको दोष देखाई बकपत्र गरेको। |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सिपियु जफत गर्दै, दफा ७६ बमोजिम निजबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइपाउने । | | |
| १२ | काठमाडौंका शरोजकुमार पाण्डे समेतको जाहेरीले वादी नेपाल सरकार | काभ्रेका बुद्धिप्रसाद भेटवाल | प्रतिवादीले आफ्नो मोबाइल नं.बाट जाहेरवालाहरुलाई विभिन्न अश्लील शब्दयुक्त सन्देश पठाई मानसिक तनाव दिएको देखिँदा निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद मोबाइल जफत गर्दै, दफा ७६ बमोजिम निजबाट जाहेरवालाहरुलाई क्षतिपूर्तिसमेत भराइपाउने । | प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुँदा निजलाई रु. ५ हजार जरिवाना हुने, जाहेरवालाहरुलाई जनही रु. १ हजार क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, बरामदी मोबाइल जफत हुने । | प्रतिवादीले तारिख गुजारी बसेको, मोबाइलबाट आपत्तिजनक सन्देश पठाएको कुरामा निज मौका र अदालतमा समेत साबित रहेको । |
| १३ | सोलुखुम्बुकी संगीता राईको जाहेरीले वादी | ओखलढुंगाका विशाल राई | जाहेरवालाले विवाह गर्न नमानेको रिसमा प्रतिवादीले नक्कली | प्रतिवादीको कसूर स्थापित भएकोले निजलाई २ | जाहेरवालाले मौकाको आफ्नो किटानी जाहेरीलाई |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | नेपाल सरकार | | फेसबुक आइडी बनाई विभिन्न फोटो मिसाई जाहेरवालाको अश्लील चित्र बनाई अश्लील सन्देशसमेत प्रसारण गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद मोबाइल र ल्यापटपसमेत जफत गर्नुपर्ने । | महिना कैद र रु. २५ हजार जरिवाना हुने, बरामद मोबाइल र ल्यापटपसमेत जफत हुने । | अदालतमा आई बकपत्रमार्फत पुष्टि गरिदिएको, बरामद ल्यापटप निजको होइन भनी प्रतिवादीले जिकिर लिएता पनि सो कुरा प्रमाणित गर्न नसकेको, उक्त ल्यापटपबाट डिलिट गरिएको फोटो पुनः डाटा रिकभर गर्दा भेटिएको । |
| १४ | काठमाडौंकी सरिता दाहालको जाहेरीले वादी नेपाल सरकार | पाल्पाका डिल्लीराज सापकोटा र सागर बस्याल | प्रतिवादीहरुले जाहेरवालीको मोबाइल नं. मा यौनजन्य आमन्त्रणयुक्त अश्लील सन्देश पठाएको, ब्लफ कल गरी चरित्रमा आघात पु-याउने काम गरेकोले निजहरुलाइ विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ र ५४ | प्रतिवादीमध्येका डिल्लीराज सापकोटालाई दफा ४७ बमोजिम रु १० हजार र अर्का प्रतिवादी सागर बस्याललाई दफा ५४ बमोजिम रु ५ हजार जरिवाना हुने । (मिति : २०७१।०३।३०) | प्रतिवादीहरु मौकामा साबित रहेको, रक्सीको मातमा अचेत अवस्थामा सन्देश पठाएछु भनी अदालतमा आई बयान गरेको, जाहेरवालीको नं. सागर बस्यालले उपलब्ध गराएको देखिएको । |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद मोबाइल जफत गर्नुपर्ने । | | |
| १५ | काठमाडौंकी सृष्टि महर्जनको जाहेरीले वादी नेपाल सरकार | काभ्रेका सुमन तामाङ्ग | प्रतिवादीले जाहेरवालीको अश्लील तस्वीर बनाई नक्कली फेसबुक आइडीमार्फत सार्वजनिक गरेको, फोनबाट अश्लील शब्दहरु सुनाउने गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ७६ बमोजिम निजबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइपाउने । | वादी दावी नपुग्ने, प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने (मितिः २०७१।०४।१९) | प्रतिवादी मौका र अदालतमा आरोपित कसूरमा इन्कार रहेको, जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा म र मेरो श्रीमान यी प्रतिवादी सुमन तामाङ्ग मिली प्रहरीमा उजुरी गर्न गएकोमा प्रहरीले उल्टै मेरो श्रीमानलाई पक्राउ गरेका हुन्, निज प्रतिवादी जेलमा हुँदासमेत उक्त फेसबुक आइडी सकृय नै थियो भनी बकपत्र गरिदिएको । |
| १६ | काठमाडौंका सिद्धार्थ पाण्डेको जाहेरीले वादी | रौतहटका कुमार रोशन झा समेत २ जना | प्रतिवादीले जाहेरवालाको दिदीको नाममा नक्कली फेसबुक | प्रतिवादी कुमार रोशन झाले आरोपित कसूरबाट सफाई | जाहेरवाला बकपत्रका लागि अदालतमा उपस्थित नभएको । |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | नेपाल सरकार | | एकाउण्ट खोली फोटो जोडी, विभिन्न अश्लील शब्दहरु राखेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद ल्यापटप जफत गर्दै दफा ७६ बमोजिम निजबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइपाउने । | पाउने । अर्का प्रतिवादी प्रणव प्रदीपको मुद्दा तामेलीमा रहने । | प्रतिवादीको इन्कारी निजका साक्षीबाट समर्थित भएको। |
| १७ | काठमाडौंका युवराज शर्मा शिवाकोटीको जाहेरीले वादी नेपाल सरकार | मकवानपुरका नरेन्द्र देवकोटा | प्रतिवादीले जाहेरवालालाई अश्लील र धम्कीपूर्ण इमेल पठाइरहने गरेकोले निजलाई निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी दफा ७६ बमोजिम निजबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराउनुपर्ने । | प्रतिवादीको कसूर पुष्टि भई दफा ४७ बमोजिम रु २५ हजार जरिवाना हुने । (मिति : २०७१।०१।२४) | मौकाका मानिसले निजको दोष देखाई अदालतमा आई बकपत्रसमेत गरिदिएको, निज मौकामा साबित रहेको, जाहेरवालाले किटानी जाहेरी खम्बीर हुने गरी अदालतमा आई बकपत्र गरेको । |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | भक्तपुरकी कृति भुजुको जाहेरीले वादी नेपाल सरकार | कञ्चनपुरका तेजराज जोशी | प्रतिवादीले जाहेरवालाको मोबाइलमा विवाह गरौं, मन पराउँछु भनी सन्देश पठाई हैरानी दिने गरेकाले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी पटकेसमेत कायम गरीपाउने । | प्रतिवादीको कसूर पुष्टि भएकोले निजलाई रु २० हजार जरिवाना हुने । अघिल्लो र यो कसुरको प्रकृति फरक रहेकोले पटकेको दावी नपुग्ने । (मिति : २०७२।०२।२८) | प्रतिवादीले तारेख गुजारी बसेको, मौका र अदालत दुवैमा साबित रहेको, जाहेरवालाले किटानी जाहेरी अनुसारकै बकपत्र गरेको । |
| १९ | काठमाडौंका सुरेन्द्र फुयाल समेतको जाहेरीले वादी नेपाल सरकार | फिलिपिनो नागरिक Charina Cabrido | प्रतिवादीको विवाहको प्रस्ताव जाहेरवालाले अस्वीकार गरेकोले र अन्य कारणले यी प्रतिवादीले नक्कली फेसबुक आइडीबाट जाहेरवालाहरुलाई अश्लील सामग्री पठाउने, चरित्रहत्या गर्ने कार्य गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ (१) बमोजिम सजाय गर्नुपर्ने । | वादी दावी पुग्न नसक्ने । प्रतिवादीले अभियोगबाट पूर्ण सफाई पाउने (मिति : २०७१।०३।१८) | यिनै वादी, प्रतिवादी भइ चलेको गाली बेइजजति मुद्दामा दावी नपुग्ने फैसला भएको, प्रमाण दुवैतिर एउटै रहेको, प्रतिवादी आरोपित कसूरमा इन्कार रहेको । |



Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| २० | काठमाडौंकी अमिता अधिकारीको जाहेरीले वादी नेपाल सरकार | काभ्रेका राजु श्रेष्ठ | प्रतिवादीले जाहेरवालाको फेसबुक आइडी ह्याक गरी विभिन्न अश्लील तस्वीर र शब्दसमेत अपलोड गरी चरित्रहत्या गर्ने काम गरेकाले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी दफा ७६ बमोजिम निजबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराउनुपर्ने । | प्रतिवादीको कसूर पुष्टि भएकाले निजलाई ६ महिना कैद हुने । (मिति : २०७१।०२।०१) | प्रतिवादी मौकामा साबित रहेको, वादी पक्षका प्रमाणलाई निजले स्वतन्त्र रुपमा खण्डन गर्न नसकेको। |
| २१ | चितवनकी सदिक्षा पियाको जाहेरीले वादी नेपाल सरकार | चितवनका मनिष श्रेष्ठ | प्रतिवादीले जाहेरवालाको फेसबुक आइडीको पासवर्ड बदलेर अश्लील चीजहरु राखेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गर्नुपर्ने । | प्रतिवादीको कसूर पुष्टि भएकाले निजलाई दफा ४७ बमोजिम रु. २५ हजार जरिवाना हुने । (मिति : २०७१।०२।०६) | प्रतिवादी मौकामा साबित भएको, किटानी जाहेरी समर्थन हुने गरी जाहेरवालाले बकपत्र गरेको, बुझिएका मानिसले निजलाई दोष देखाई बकपत्र गरेको । |



Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | सिरहाकी निरुपा साहको जाहेरीले वादी नेपाल सरकार | सिरहाका आकाश वि.सी. | प्रतिवादीले जाहेरवालाको फेसबुक आइडी ह्याक गरी अश्लील फोटो बनाई, अनर्गल शब्द राखेर चरित्रहत्या गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ (१) बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद ल्यापटप जफत गर्नुपर्ने । | वादी दावी नपुग्ने । प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने । (मिति : २०७१।०२।१८) | पीडित जाहेरवाला अदालतमा उपस्थित नभएको, बरामद ल्यापटपबाटै अश्लील फोटोहरु प्रवाह भएको पुष्टि नभएको, प्रतिवादी मौका र अदालतमा इन्कारी रहेको। |
| २३ | सुनिता डंगोलसमेतको जाहेरीले वादी नेपाल सरकार | काठमाडौंका दिनेश महर्जन | प्रतिवादीले जाहेरवालाहरुको नक्कली आइडी बनाई उनीहरुको मोबाइल नं. राखिदिई यौनजन्य साइटमा प्रचार गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ (१) बमोजिम सजाय गर्नुपर्ने । | प्रतिवादीको कसुर पुष्टि हुने । निजलाई दफा ४७(१) बमोजिम १० दिन कैद र रु. १० हजार जरिवाना हुने । (मिति : २०७१।१०।०५) | प्रतिवादी मौकामा साबित रहेको, जाहेरवालाले किटानी जाहेरीअनुसार नै अदालतमा बकपत्रसमेत गरिदिएको । |



Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | नाम परिवर्तित विशंखु नारायण (क) को जाहेरीले वादी नेपाल सरकार | ललितपुरका विनोद महर्जनसमेत ४ जना | प्रतिवादीहरुले जाहेरवालालाई करणी गरी सोको दृष्य मोबाइल फोनमा शेयर गरेकोले निजहरुलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ र ५४ बमोजिम सजाय गरी, दफा ७६ बमोजिम निजहरुबाट जाहेरवालालाई क्षतिपूर्तिसमेत भराइपाउने । | वादी दावी नपुग्ने । प्रतिवादीहरुले आरोपित कसूरबाट पूर्ण सफाई पाउने । (मिति : २०७०।०९।३०) | जाहेरवाला अदालतमा उपस्थित नभएको, मिसिलसंलग्न सबुद, प्रमाणबाट उक्त वारदात सप्रमाण पुष्टि हुन नसक्ने । |
| २५ | प्र.स.नि. कुमार श्रेष्ठको प्रतिवेदनले वादी नेपाल सरकार | मोरङ्गका गणेश दुलाल | प्रतिवादीले जाहेरवालाका अश्लील तस्वीर फेसबुकमा सार्वजनिक गरिदिएकोले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद सामान जफत गर्नुपर्ने। | प्रतिवादीको कसुर पुष्टि हुने । दफा ४७ बमोजिम रु २०० जरिवाना हुने । (मिति : २०७०।१०।१३) | प्रतिवादी मौकामा इन्कार रहेको । जाहेरवालाको किटानी जाहेरी निजकै बकपत्रबाट स्थापित भएको। |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | सर्वोच्च अदालतको पत्र जाहेरीले वादी नेपाल सरकार | पर्साका प्रभातकुमार गुप्ता | निज प्रतिवादीले सर्वोच्च अदालतका विभिन्न पदाधिकारीको कार्यकक्षमा आई कुराकानी गरेको दृष्य अनधिकृत तवरले स्पाई पेन क्यामेरा रेकर्ड गरेकोले निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गरी, दफा ५६ बमोजिम बरामद स्पाई पेन क्यामेरा र सिपियु जफत गर्दै दफा ७६ अनुसार सम्बन्धित निकायलाई प्रतिवादीबाटै क्षतिपूर्तिसमेत भराउनुपर्ने । | वादी दावी नपुग्ने । प्रतिवादीले आरोपित कसूरबाट पूर्ण सफाई पाउने। (मिति : २०७१।०७।२७) | बरामद भइआएको स्पाई पेन रेकर्डर इजलाशबाट खोल्न लगाई हेर्दा भिजुअल रुपमा केही नदेखिएको । सो रेकर्ड निज प्रतिवादीले सार्वजनिक गरेको नदेखिएको । |
| २७ | डोटीका मोहन ओझाको जाहेरीले वादी नेपाल सरकार | भारतका श्रीनिवास मूर्ती | जाहेरवालाको कम्पनीको डाटा चोरी गरी विभिन्न इमेल तथा नक्कली फेसबुक आइडी | प्रतिवादीको कसुर पुष्टि हुने । निजलाई दफा ४७(१) बमोजिम ६ महिना कैद र | इन्टरनेटबाट प्रसारित सामग्री हेर्दा निजबाट आरोपित कसूर नभएको मान्न |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खोली अश्लील चित्रण गरेकाले निज प्रतिवादीलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ (१) बमोजिम सजाय गर्नुपर्ने । | रु ५ हजार जरिवाना हुने । (मिति : २०७१।०७।०३) | नमिल्ने । जाहेरवाला र बुझिएका मानिसले प्रतिवादीको दोष देखिने गरी बकपत्र गरेको । |
| २८ | पार्वता चौधरीको जाहेरीले वादी नेपाल सरकार | सुनसरीकी यशोधा चौधरी | प्रतिवादीले जाहेरवालाको मोबाइल नं मा गालीगलौज र धम्कीयुक्त सन्देश पठाएको, चरित्रहत्या र मानसिक यातना दिएको हुँदा निजलाई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ (१) बमोजिम सजाय गर्नुपर्ने । | प्रतिवादीको कसुर पुष्टि हुने । निजलाई दफा ४७(१) बमोजिम रु ५ हजार जरिवाना हुने । (मिति : २०७१।०३।०४) | प्रतिवादीले तारेख गुजारी बसेको, अदालती प्रकृयामा सहयोग नगरेको । |
| २९ | शिखा भट्टराईको जाहेरीले वादी नेपाल सरकार | काठमाडौंका कुमार कोइराला | जाहेरवाला आफ्नो पतिसहित काठमाडौंमा बस्दै आइरहेकामा पूर्व पति रहेका प्रतिवादीले आफूले वैदेशिक रोजगारीमा | प्रतिवादीलाई ऐनको दफा ४७बमोजिम १ महिना कैद र रु २५ हजार जरिवाना हुने, दफा ५८ | जुन फेसबुक आइडीबाट आपत्तिजनक फोटो र म्यासेज पठाएको हो उक्त आइडी आफ्नै भनी प्रतिवादीले सकारेको |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कतारमा रहँदा पठाएको पैसा हिनामिना गरी अर्केसँग घरबार गरेको रिसमा जाहेरवाला र निजको आफन्तलाई गालीगलौज र धम्कीपूर्ण मोबाइल सन्देश पठाएको, सामाजिक सञ्जालमा अश्लील फोटो र शब्दहरु पोष्ट गरी चरित्रहत्या गरेकोले निजलाई निजलाई ऐनको दफा ४७ बमोजिम सजाय गरी दफा ५८ बमोजिम मनासिब क्षतिपूर्ति भराउनुपर्ने। | बमोजिम निजले पीडितलाई रु १० हजार क्षतिपूर्तिसमेत तिर्नुपर्ने । | |
| ३० | सनुजा श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार | हाल काठमाडौं बस्ने गुडुकुमार साह | प्रतिवादीले आफ्नो फेसबुक आइडीबाट जाहेरवालाको फेसबुक मेसेन्जरमा अश्लील एवं आपत्तिजनक तस्वीर तथा सन्देश | निज प्रतिवादीलाई ऐनको दफा ४७ बमोजिम ५ महिना कैद र रु. १५ हजार जरिवाना हुने, | प्रतिवादीको इन्कारी बयान एवं जाहेरवाला स्वयंले अदालतमा आई प्रतिवादीको बचाउमा प्रतिकूल बयान दिएता पनि |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पठाएको हुँदा निजलाई ऐनको दफा ४७ बमोजिम सजाय गरी दफा ५६ बमोजिम कसूरमा प्रयुक्त बरामदी मोबाइल फोन जफत गर्दै दफा ५८ बमोजिम निजबाट जाहेरवालालाई मनासिब क्षतिपूर्तिसमेत दिलाउनुपर्ने । | बरामद मोबाइल फोन जफत हुने, क्षतिपूर्ति दिलाउनु नपर्ने । | मिसिलसंलग्न अन्य प्रमाण एवं परीक्षण प्रतिवेदनबाट वादी नेपाल सरकारको अभियोग दावी स्थापित भइरहेको । |

**ख) सर्वोच्च अदालत**

| सि.नं. | जाहेरवाला | प्रतिवादी | अभियोग दावी | फैसला र फैसला मिति | फैसलामा जनाइएको कारण (कैफियत) |
|---|---|---|---|---|---|
| ०१ | कास्कीका हुमबहादुर गुरुङ्गको जाहेरीले वादी नेपाल सरकार | कास्कीका हरि पन्त र राजु भण्डारी | पोखरा हटलाइन राष्ट्रिय पत्रिकाको कार्यालयबाट अश्लील शब्द प्रयोग गरी हरि पन्तको नामको इमेलबाट जाहेरवालाको व्यक्तिगत इमेलमा सन्देश पठाएकोले | आरोपित कसूरबाट प्रतिवादीलाई सफाई पाउने । मुद्दा गालीबेइज्जतितर्फ परिणत हुने । (मिति : २०७३।०३।२६) | विद्युतीय उपकरणको प्रयोगबाट व्यक्तिगत ठेगानामा म्यासेज पठाएको कार्यलाई सार्वजनिक प्रदर्शन तथा प्रकाशन |

Office of the Attorney General, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजहरुलाई विद्युतीय कारोबार नियन्त्रण ऐन, २०६३ को दफा ४७ बमोजिम सजाय गर्नुपर्ने । | | गरेको भन्न मान्न सकिने हुँदैन। अश्लिल इमेल पठाएको अवस्थामा मात्र ऐनको दफा ४७ बमोजिम प्रकाशन वा प्रदर्शन गरेको मानी दण्डित गर्न सक्ने अवस्था नदेखिने। |

### ४.३ फैसला विश्लेषण

उपरोक्त ३१ थान फैसलाहरुको विश्लेषण गर्दा मूल रुपमा निम्न तथ्य र प्रवृत्तिहरु दृष्टिगोचर हुन्छन्

- अध्ययन गरिएका जम्मा फैसलाहरु: ३१
- काठमाडौं जिल्ला अदालतका : ३०
- सर्वोच्च अदालतको : १
- कसूर कायम : १६
- पूर्ण सफाई : १४ (गालीबेइज्जतितर्फ परिणत भएको १ थान फैसलासमेत)
- आंशिक ठहर (पटकेको दावीबाहेक) : १
- जाहेरवाला वा प्रतिवादीमध्ये कम्तीमा १ जना काठमाडौं उपत्यका निवासी रहेको मुद्दा संख्या : १९
- जाहेरवाला वा प्रतिवादीमध्ये कम्तीमा १ जना मोफसल निवासी रहेको मुद्दा संख्या : ११
- विदेशी प्रतिवादी रहेको मुद्दा संख्या : २ (भारतीय र फिलिपिनो)

Office of the Attorney General, Nepal

- अश्लील र धम्कीपूर्ण सन्देश वा तस्वीर पठाएको आरोपमा उठान भएका मुद्दा संख्या : २७
- मोबाइल र कम्प्युटरबाट भयादोहन (Blackmailing) गरी रकम असूलेको : १
- सरकारी कर्मचारीको कुराकानी अनाधिकृत तवरले रेकर्डिङ गरेको : १
- संस्थाको बारेमा गलत सन्देशप्रवाह गरेको : २
- कसूरमा फेसबुकजस्ता सामाजिक संजालको प्रयोग गरिएको : १८
- कसूरमा इमेल र मोबाइलमात्र प्रयोग गरिएको : १३
- पीडितहरुको लैंगिक वितरण : पुरुष - ८, महिला - २१ (जाहेरीको आधारमा)
- संस्था/कार्यालय नै जाहेरवाला भएको : २
- प्रतिवादीहरुको लैंगिक वितरण : पुरुष - ३५, महिला - २
- मुद्दामा जाहेरवाला वा पीडितले प्रतिकूल बकपत्र गरेको : ३
- जाहेरवाला वा पीडित अदालतमा उपस्थित नै नभएको : ७
- जाहेरवालाले प्रतिकूल बकपत्र गरेता पनि अन्य प्रमाणको आधारमा कसूर ठहर भएको : १

■ ■ ■

Office of the Attorney General, Nepal

# परिच्छेद ५

## अध्ययनको नतिजा, निष्कर्ष र सुझावहरु

कुल १२ परिच्छेद र ८० दफामा विभक्त विद्युतीय कारोबार ऐन, २०६३ ले कसूरको दायरा भित्र “सार्वजनिक नैतिकता”, “शिष्टाचार”, “घृणा”, “द्वेष” जस्ता बृहत अर्थ दिने शब्दलाई समेटेको देखिन्छ । विद्यमान विद्युतीय कारोबार ऐन, २०६३ ले Digital Signature को आधिकारीकता र विद्युतीय अभिलेखलाई गैरकानुनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रणमा जोड दिएको छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) ले विद्युतीय कारोबार ऐन, २०६३, ले सूचना प्रविधिको दुरूपयोगका विषयलाई अनुसन्धानको दायराभित्र ल्याएको छ । अभियोजनका क्रममा पीडकबाट पीडितलाई क्षतिपूर्तिको मागदावी कतिपय अभियोगपत्रमा नलिने गरिएको अवस्था एकातर्फ छ भने क्षतिपूर्तिको मागदावी लिइएता पनि कतिपय मुद्दामा भने अदालतले क्षतिपूर्ति नभराउने गरेको देखिन्छ । साथै, क्षतिपूर्तिको तल्लो र माथिल्लो अंक नतोकिँदा मुद्दापिच्छे तजबिजी रुपमा घटीबढी क्षतिपूर्ति भराइने गरेको पाईयो । विद्युतीय कारोबार ऐन, २०६३ ले विद्युतीय अपराधसम्बन्धी मुद्दा हेर्ने गरी काठमाडौं जिल्ला अदालतलाई क्षेत्राधिकार तोकेको छ । गाली बेईज्जती ऐन, २०१६ र प्रतिलिपि अधिकार ऐन, २०५९ एवं विद्युतीय कारोबार ऐन, २०६३ को प्रयोगमा समेत विरोधाभाष देखिएकोले अनुसन्धानका क्रममा विद्युतीय तथ्याङ्क अन्तरदेशीय र अन्तराष्ट्रिय रुपमा आदान प्रदान गरी विद्युतीय अभिलेखको सिर्जना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीमा हुन सक्ने गैरकानूनी कार्यलाई कानूनको दायरामा ल्याउन अध्ययनको आधारमा निम्नानुसार नतीजा, सुझाव र निष्कर्ष उल्लेख गरिएको छ :

### ५.१ अध्ययनको नतिजा

१. जिल्ला सरकारी वकील कार्यालयहरुबाट विद्युतीय कारोबार सम्बन्धी मुद्दामा प्रतिवादी संख्या एउटा कसूरमा एकभन्दा बढी अभियुक्तहरु रहेको देखिएको छ । मध्यमाञ्चल विकास क्षेत्र काठमाडौंमा बहुसंख्यक विद्युतीय कारोबारका कसूरहरु रहेको पाइयो । अध्ययन गरिएका ३१ वटा फैसलामध्ये काठमाडौं जिल्ला अदालतका ३० वटा र सर्वोच्च अदालतको १ विश्लेषण गर्दा कसूर कायम १६ वटामा र पूर्ण सफाई १४ तथा गाली बेइज्जतितर्फ १ वटा परिणत भएको पाईयो । विदेशी प्रतिवादी रहेको मुद्दा संख्या २ (भारतीय र फिलिपिनो) र कसूरमा इमेल र मोबाइलमात्र प्रयोग गरिएको संख्या अधिक रहेको देखियो । मुद्दामा जाहेरवाला वा पीडितले प्रतिकुल बकपत्र गरेको तथा जाहेरवाला वा पीडित अदालतमा उपस्थित नै नभएको संख्या उल्लेख्य पाईयो ।

Office of the Attorney General, Nepal

महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा दोहो-याइपाउने अनुमति निवेदन र पुनरावेदन गरिएका विद्युतीय कारोबारसम्बन्धी मुद्दा हेर्दा ६ वटा मुद्दा सर्वोच्च अदालतमा विचाराधीन भएको देखिन्छ । विभिन्न अश्लील शब्द प्रयोग गरी ईज्जतमा धक्का पुग्ने एस.एम.एस.पठाईएको, ठगी गरेको, घृणा र द्वेष, फेसबुक आईडी ह्याक गरी मान प्रतिष्ठा र स्टाटसमा धम्की तथा डर धाकका विषय र अश्लील मेसेजहरु पठाई पटक पटक मानसिक यातना दिईएका विषयहरु धेरैजसो जाहेरीमा उल्लेख गरिएको पाईयो ।

२. एक जनाको टाउको र अर्को व्यक्तिको अश्लील फोटोहरु, अश्लील शब्द प्रयोग गरी चरित्र हत्या हुने अनर्गल कुरा लेखी इन्टरनेटमा पोष्टगरेबाट छोरीको विवाहमा र सामाजिक प्रतिष्ठामा प्रभाव पारेको विषयलाई उल्लेख गरेरसमेत जाहेरी दिईएको पाईयो ।

३. कसुरजन्य कार्यबाट विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अनुसारको कसुर अपराध गरेकोले ऐनको दफा ४७ बमोजिम सजाय गरी दफा ७६ बमोजिम प्रतिवादीहरुबाटै जाहेरवालालाई क्षतिपुर्ति दिलाई भराई पाउन र बरामद भई आएको CPU, ल्यापटप, क्यामेरा समेतका कसुर गर्न प्रयोग गरिएका सामाग्रिहरु सोही ऐनको दफा ५६ बमोजिम जफत गर्नुपर्ने समेतका पक्षलाई समेटेर अभियोग दावी तयार गरेको पाइयो ।

४. जिल्ला अदालतको आदेश र फैसलाको अध्ययन गर्दा SMS म्यासेजबाट चरित्र हत्या हुने गरी प्रकाशन भएको वा Facebook मा पठाएको भन्ने नदेखिएको, अदालतमा समेत कसूरमा इन्कारी रही बयान गरेको अ.बं.११५ नं.अनुसार म्याद जारी गर्दा समेत जाहेरवालको बकपत्र हुन नसकेको जस्ता कारणबाट आरोप प्रमाणित गर्ने बस्तुनिष्ठ सवुद प्रमाण गुजार्न नसकेकोले कतिपय फैसलामा अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने ठहर गरिएको र कतिपयमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम गाली बेइज्जतीमा परिणत हुने ठहर गरेको शुरु अदालतको फैसलालाई नै उच्च अदालतले सदर गरेको पाईयो ।

५. विभिन्न ईमेलबाट आएकाले दावी यकीन रुपमा प्रमाणित गर्ने भार वादीमा रहेको, कसुर प्रमाणित हुने प्रमाणको अभाव रहेको र केवल ईमेल भेटिएको आधारमा मिसिलसंलग्न अश्लील फोटोहरुमध्ये के कुन फोटो पठाएको खुल्न नआएको र प्रतिवादीका साक्षिले प्रतिवादीको जिकीर समर्थन हुने गरी बकपत्र, दावी यकीन रुपमा प्रमाणित गर्ने भार वादीमा रहेको भन्ने समेतका आधारबाट कसुर साबित हुने प्रमाणको अभाव रहेको भनी अधिकांश प्रतिवादीलाई सफाई दिइएको पाईयो ।

Office of the Attorney General, Nepal

६. गीत तथा फेसवुकमा राखेको अश्लील फोटोबाट गलत नियत लिई पोष्ट गरेकोले विद्युतीय कारोबार ऐनको भावना अनुसार राखेको नभई दुरुपयोग गरेको देखिदा प्रतिवादीले उक्त ऐनको दफा ४७(१) बमोजिम कसुर गरेकाले सजाय भएको देखियो ।

७. विद्युतीय कारोबार ऐनको अभिप्राय र सही प्रयोगको सम्बन्धमा प्रहरी र सरकारी वकीलहरुलाई प्राविधिक जानकारीसहितको प्रशिक्षणको कमी रहेको देखिन्छ ।

८. जिल्लामा कार्यरत सरकारी वकीलहरुबाट प्राप्त जानकारीअनुसार पीडितको वा प्रतिवादीको रुपमा नाबालक रहेको अवस्थामा नाम, थर, वतन परिवर्तन गरेर गोपनीयता कायम गरिएको छ । केही मुद्दामा पीडित वयस्क नै भएता पनि निजको अनुरोधका आधारमा गोपनीयता राख्ने गरिएको देखियो ।

## ५.२ सुझाव/सिफारिशहरु

### नीतिगत तथा कानुनी

१. नेपाल सरकारले तोकेको नियामक निकायले ISP हरुलाई ईन्टरनेट सेवा (Hot-Spot, Free Wi-Fi) प्रयोगकर्ताहरुको अनिवार्य रुपमा फोटो सहितको बिवरण (Contact Details र Subscriber Details) प्रष्ट रुपमा खुल्ने गरी राख्न लगाउने तथा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने । साथै उक्त विवरण अनुसन्धानको क्रममा सम्वन्धित निकायबाट माग भई आएमा अनिवार्य उपलब्ध गराउनुपर्ने।

२. विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को प्रावधानले "कम्प्युटरसम्बन्धी कसूर" का तत्वहरु अस्पष्ट, अन्योलपूर्ण, विरोधाभाषी रहेको तथा संविधानद्वारा प्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सम्मान र संरक्षण हुने गरी विद्युतीय कारोबारका अभिकर्ता (Actors) लाई एउटै थलोमा निम्ताएर छलफल गरी ऐनको पुनरावलोकन गर्नुपर्ने ।

३. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत चल्नुपर्ने मुद्दाहरु, गालीबेइज्जति ऐन, २०१६ र प्रतिलिपि अधिकार ऐन, २०५९ बीच स्पष्टता कायम हुनुपर्ने ।

४. अधिकाधिक साइबर काइम फेसबुक र मोबाइलबाट हुने भएको तथ्याङ्कले देखाएकोले त्यस्ता गतिविधीको नियन्त्रण गर्न साईबर अपराधको नियन्त्रणका क्षेत्रमा भएका कानुनी व्यवस्था विश्लेषण गर्दै ईन्टरनेट (फेसबुक जस्तो सामाजिक संजाल, ईमेल) प्रयोगकर्ताले उक्त प्रविधि अपनाउनुपर्ने नीति निर्देशन र कार्यविधिको पालनाको लागि आवश्यक एक निर्देशिका बनाउनुपर्ने ।

Office of the Attorney General, Nepal

५. साइबर अपराध नियन्त्रण गर्न देशभरका साइबर क्याफेमा परिचयपत्र दर्ता किताब (लगबुक) राख्ने अनिवार्य व्यवस्था गर्नुपर्ने ।

६. विद्युतीय कारोबारसम्बन्धी अधिकांश वारदातमा साधनको रुपमा मोबाइल फोन र संजालको रुपमा फेसबुकको प्रयोग हुने गरेकोले साधनको रुपमा कम्प्युटर र ल्यापटप र संजालको रुपमा इमेल (याहु, जिमेल आदि) को प्रयोग गर्ने गरिएको अवस्थालाई प्रमाणमा लिने व्यवस्था कानुनले स्पष्ट रुपमा गर्नुपर्ने ।

७. केही मुद्दामा जाहेरवालाले प्रतिवादीउपर अन्य कुराको बदला लिन झूठो जाहेरी पनि दिने गरेको भेटिएकोले झुटटा जाहेरवालालाई सजाय गर्नुपर्ने कानूनी व्यवस्था हुनुपर्ने ।

८. नेपालले हालसम्म कुनै पनि देशसँग Mutual Legal Assistance Treaty (MLAT) नगरेको हुँदा विद्युतीय सूचनाको उत्पत्तिकर्ता राष्ट्रसंग नेपालले नियन्त्रणकारी अनुगमनका लागि सुचनाको पहुंच पुर्याउन नसकेकोले सोतर्फ आवश्यक पहल हुनुपर्ने ।

९. विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउनेलाई सजायको प्रस्ताव छ । तर प्रतिवादीले जाहेरवालालाई मात्र पठाएका र ती दुईजनाले मात्र हेर्न र पढ्न मिल्ने आपत्तिजनक तस्वीर वा धम्कीयुक्त सन्देशका हकमा समेत विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम नै अनुसन्धान र अभियोजन गर्ने गरिएको छ । यस्तोमा मुद्दाका पक्ष दुईजनामा मात्र सीमित रहेका सूचना वा जानकारीलाई प्रकाशन वा प्रदर्शन गरेको मान्न मिल्ने वा नमिल्ने ? यदि सार्वजनिक जानकारी (Public Domain) मा ती पर्दैनन् भने यस ऐनबमोजिम किन कारवाही गर्ने ? प्रतिरक्षी कानुन व्यवसायीहरुबाट अदालतमा अक्सर यो सैद्धान्तिक जिकिर पेश हुने गरेकोले यसबारे Comprehensive Cyber Crime Act नै तर्जुमा गर्नुपर्ने ।

Office of the Attorney General, Nepal

**श्रोत र साधनको व्यवस्थापन**

१. प्रत्यक्ष प्रमाण र परिस्थितीजन्य प्रमाणका अतिरिक्त वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणका आधारमा अपराधको अनुसन्धान, प्रविधिको उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्नुपर्ने ।

२. संगठित अपराध, आतकंवाद तथा साइबर कसूर नियन्त्रणमा देखिएका चुनौती समाधान गर्न साइबर तथा हाईटेक अपराध अनुसन्धानसम्बन्धी विशेष तालीम प्राप्त गरेको जनशक्तिबाट अनुसन्धान र अभियोजन गर्ने परिपाटी थाल्नुपर्ने ।

३. विद्युतीय अपराध गर्ने व्यक्ति विशेष प्राविधिक ज्ञान र क्षमताको प्रयोग गर्ने हुंदा अनुसन्धान र अभियोजन गर्ने व्यक्ति र निकायको भौतिक एवं स्रोत साधनको पर्याप्त व्यवस्थापन गर्नुपर्ने ।

**व्यवस्थापकीय**

१. सूचना प्रविधि र इन्टरनेटको प्रयोगले संगठित अपराधको अवस्थालाई व्यवस्थित गर्नका निम्ति नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले साइबर क्याफेलाई अनिवार्य लगबुक राख्न केही समय पहिले सार्वजनिक सूचना जारी गरेता पनि कार्यान्वयनमा नआएकोले सो कार्यान्वयन गर्नुपर्ने ।

२. प्रत्येक २ वर्षमा हुने इन्टरपोलको आगामी २४औं एशियन क्षेत्रीय सम्मेलन सन् २०१९ मा इरानमा गरिने भएकोले सन् २०१७ देखि २०२० को रणनीतिक प्राथमिकताका विषयहरु सम्बोधन गरी एकीकृत कार्य सञ्चालन गर्नुपर्ने ।

३. विद्युतीय बदमासीहरुको नियन्त्रणका लागि देशबीच सूचना र जानकारी आदानप्रदान गर्दै सामूहिक शक्ति लगाउनु पर्ने । सामाजिक सञ्जाललाई आतंकवादीहरुले दुरुपयोग गर्न सक्ने हुंदा यस सम्बन्धमा कानुनी सचेतना र सावधानी अपनाउनु पर्ने ।

४. Genuine Operating Systems र एन्टीभाईरस प्रयोग गर्नु पर्ने । कार्यालयमा व्यवस्थापनले आफ्ना सदस्य तथा कर्मचारीले प्रयोग गर्ने गरेको बेग्लाबेग्लै थरिका Devices तथा प्रबिधिको बारेमा सुपरिवेक्षण र अनुगमन गरी आवश्कताको आधारमा नियन्त्रण र व्यवस्थित गरिएको खण्डमा हुन सक्ने संभावित साइबर अपराधलाई नियन्त्रण गर्न सकिने ।

५. आतङ्ककारी तथा तिनीहरुको सङ्गठनविरुद्ध प्रहरीको समन्वय बलियो बनाई विस्तार गर्ने, इन्टरपोलको एशियाली क्षेत्रमा विश्व साइबर अपराध विरुद्धको रणनीतिक कार्ययोजनाको



Office of the Attorney General, Nepal

प्राथमिकता तथा योजना र अन्तर महादेशीय अपराधको विश्लेषण तथा कारबाहीसम्म नेपालले यस क्षेत्रका समस्या निराकरणका उपाय अपनाउनुपर्ने । इन्टरपोल विश्वकै कानून कार्यान्वयन गर्ने इकाईहरुको संगठन भएको कारण अन्तरदेशीय तथा संगठित अपराधहरुको विरुद्धमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने ।

६. इन्टरपोलका सदस्य राष्ट्रहरुबीच आधुनिक प्रविधि तथा सूचना आदान प्रदानको गतिलाई अझै तीव्रता दिन सकेमा नै आतङ्कवाद, सङ्गठित अपराध, साइबर क्राइम, आर्थिक अपराध, सामाजिक अपराध, सीमा सुरक्षा लगायतका अपराध नियन्त्रण तथा न्यूनिकरण गर्न सकिने ।

७. विद्युतीय कारोबार गर्ने निकायलाई अनुगमन गर्ने नियामक सरकारी निकायको क्रियाशिलता हुनुपर्ने ।

**अनुसन्धान र तहकिकात र अभियोजन**

१. विद्युतीय कारोबारसम्बन्धी अधिकांश मुद्दामा प्रतिवादीहरुले सफाई पाउने गरेको, विद्युतीय कारोबारको माध्यमबाट चरित्रहत्या र धाकधम्कीका अतिरिक्त रकमको ठगी एवं भयादोहन (Blackmail) समेत गर्ने गरेको पाइएकोले साइबर अपराधको जोखिम न्यूनिकरण गर्ने साइबर थ्रेटसँगै साइबर सुरक्षा, बैंक तथा बित्तिय क्षेत्रमा साइबर हमलाका घटनाहरुको Direct Evidence, Circumstance Evidence and Scientific evidence को प्राप्ति र संरक्षण गर्न दिग्दर्शन वा निर्देशिका वनाउनुपर्ने ।

२. प्रहरीमा केन्द्रीय स्तरमा विद्युतीय कसुरसम्बन्धी मुद्दा हेर्न विशिष्टीकृत जनशक्ति र प्रधान कार्यालयमा साइबरफोरेन्सिक ल्याब रहेता पनि क्षेत्र र जिल्लामा सो सुविधाको अभाव रहेकोले सो विषयमा संगठनात्मक र कार्यात्मक क्षेत्रको विस्तार हुनुपर्ने ।

३. विद्युतीय कारोबारसम्बन्धी मुद्दामा प्रहरीद्वारा अनुसन्धान र मागदावी गोश्वारा एवं सोलोडोलो प्रकृतिको हुने गरेकोले सोही कमजोर अनुसन्धानमा टेकेर अभियोजन हुँदा अधिकांश प्रतिवादीले सफाई पाउने गरेको हुंदा प्रत्येक व्याक्तिको कसुरको आधारमा सजाय प्रस्तावित गर्नुपर्ने ।

४. पहिले सुमधूर सम्बन्ध रहेका प्रेमी-प्रेमिकाबीच पछि सम्बन्धमा मनमुटाव आएपछि प्रेमीले नक्कली वा सक्कली अश्लील तस्वीर फेसबुकमा पोष्ट गरिदिने, धम्कीयुक्त मोबाइल सन्देश पठाउने, सामाजिक सञ्जालमा पीडितका बारेमा आपत्तिजनक वा मिथ्या जानकारी

Office of the Attorney General, Nepal

राखिदिएबाट मुद्दाको उठान हुने गरेकोले यी विषयलाई गोपनियताको कसीबाट हेर्नुपर्ने देखिन्छ ।

५. कसूरमा प्रयुक्त बरामद विद्युतीय सामग्री (जस्तै : मोबाइल फोन, कम्प्युटर, ल्यापटप, आदि) जफत गरिपाउन केही अभियोगपत्रमा मागदावी लिइएको नदेखिइएकोले जफतको मागदावी लिइएको अवस्थामा समेत कतिपय फैसलामा सोबारेमा मौनता साँधिएको देखिदा अभियोजनकर्ता र न्यायकर्तालाई यस विषयमा प्रशिक्षण र तालिम दिनुपर्ने ।

६. मुद्दाको अनुसन्धान र अभियोजन तत् तत् जिल्लाका प्रहरी र सरकारी वकीलबाट हुने भएता पनि मुलुकभरिका अभियोगपत्रको दायरी ऐनको दफा ६०(५) बमोजिम काठमाडौं जिल्ला अदालतमा मात्र हुने गरेबाट यस्ता मुद्दाको फलोअप र न्यायिक कारवाहीमा अनावश्यक जटिलता आउने गरेकोले सो निराकरण गर्न क्षेत्र विस्तार गर्नुपर्ने ।

**अदालत र न्यायको विकेन्द्रीकरण**

१. नेपालभर विद्युतीय अपराध सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार २०६४ सालदेखि काठमाडौं जिल्ला अदालतमात्र रहेकोले कसूरदारलाई अनुसन्धान अभियोजन र न्याय पाउने सवाल निकै संकुचित भएको छ । केन्द्रमा मात्र क्षेत्राधिकारले गर्दा न्याय ढिलो, खर्चिलो, झन्झटिलो हुनुका साथै जनताको सर्वसुलभ पहूंचमा रहेको देखिदैन । ऐन जारी भएको झण्डै ११ वर्षको अवधि व्यतित भइसक्दा पनि कस्ता घटनामा यसको प्रयोग गर्ने वा नगर्ने भन्ने कुरामा दुविधा रहेको देखिने ।

२. हाल साइबर अपराधको मुद्दामा शुरु कारवाही र किनारा गर्ने काम काठमाण्डौं जिल्ला अदालत र पुनरावेदन सुन्ने काम उच्च (साबिकको पुनरावेदन) अदालत पाटनले गर्दै आइरहेकोमा न्यायिक क्षेत्राधिकारको विकेन्द्रीकरण हुनु पर्ने ।

**सचेतनामूलक कार्यक्रम**

१. साइबर अपराध र यसबाट पुग्नसक्ने हानीको विषयमा इन्टरनेट सोसाइटी नेपाल लगायतका सरोकारवालाले साइबर सुरक्षाको विषयमा निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

२. विशेष गरी ह्याकरहरुले यौनको प्रचारप्रसार सामग्री राख्ने, पोर्नोग्राफी र अनलाइन यौनको व्यापार गर्ने, सामाजिक सञ्जाल (फेसबुक र ट्वीटर)मार्फत व्यक्तिलाई फसाएर आक्रमणको

Office of the Attorney General, Nepal

निशाना बनाउने हुँदा विद्युतीय कानून अनुसार अपराधीलाई कारबाही गर्नुपर्ने गरी जनचेतना जगाउने कार्यक्रम संचालन गर्ने ।

३. नेटवर्क सेवा प्रदान गर्ने र प्रयोग गर्ने प्रयोगकर्ताको दायित्व ईजाजत पत्रमा उल्लेख हुने भनिए तापनि उक्त दायित्वको पालना हुने नगरेकोले समस्या बढिरहेको देखिदा सोको कार्यान्वयन गर्न सम्बद्ध निकाय चनाखो हुनुपर्ने ।

४. सामाजिक सञ्जालको प्रयोग बढेसँगै फेसबुक, ट्विटर, भाइवर, गुगलजस्ता सञ्जालमा नयाँ खाता खोलेर मानिसले पैसा लुट्ने, अर्को व्यक्तिको हैसियत सिध्याउने घटनाहरु वृद्धिउन्मुख छन, त्यसर्थ, साइबर क्याफे, इन्टरनेट प्रयोगकर्तालाई नियमित अनुगमन गर्नुपर्ने र त्यसका लागि User Login and Logout को समेत रेकर्ड राख्दै पाइरेसी (प्रतिलिपि अधिकार उल्लंघन) विरुद्ध कानून कार्यान्वयन गर्ने निकाय क्रियाशील हुनुपर्ने ।

**नागरिक समाज**

१. नेपालमा कम्प्युटर र ईन्टरनेटको प्रयोगबाट सामाजिक सञ्जालमा ठगी धन्दा र अपराधिक घटना बढ्दै गएकोले साईबर अपराधका नवीनतम प्रविधीलाई नियन्त्रण गरी सामाजिक सहिष्णुता कायम गर्नुपर्ने ।

२. ऐनमा तजबिजी सजायको प्रावधान रहेको १ दिनदेखि ५ वर्षसम्म कैद गर्न सकिने र कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्थाले गर्दा एकै खालको कसूरमा पनि फरक फरक मात्रामा सजाय हुने गरेकोले सो मा पुर्नविचार गर्नुपर्ने ।

३. सामाजिक सञ्जाल प्रयोगकर्ताले अन्जान व्यक्तिलाई साथी नबनाउने, जस्तोसुकै ईमेलको जवाफ नलेख्ने, सामाजिक सञ्जालमा स्टाटस लाईक, सेयर वा कमेन्ट नगर्ने, चरित्र हत्या हुने गरी राखिएको भनाइ वा फोटोहरु सेयर नगर्ने, आफ्नो कम्प्युटर, इमेल आईडी र पासवर्ड अरुलाई दिई चलाउन नदिने जस्ता सामान्य कुराहरुको ख्याल गर्न सकेमा यो अपराधबाट बच्न सकिने ।

## ५.३ अध्ययनको निष्कर्ष

विद्युतीय कारोबार ऐन, २०६३ ले परिभाषित गरेका कानूनी व्यवस्थाहरु, कसूरमा अनुसन्धान, अभियोजन र न्याय सम्पादनको वस्तुगत अवस्थासमेतको विश्लेषण गरी अभियोजनको सफलताको लागि यस विषयमा अध्ययन गर्नुपर्ने देखिएको हो । नेपालमा कम्प्युटर र ईन्टरनेटको प्रयोगबाट



Office of the Attorney General, Nepal

सामाजिक सञ्जालमा ठगी धन्दा र आपराधिक घटना बढ्दै गएकोले साइबर अपराधका नवीनतम प्रविधीलाई नियन्त्रण गर्न सरकारी निकायले ध्यान दिनु जरुरी देखिन्छ । विभिन्न निकायका प्रमाणपत्रहरू, लाइसेन्स, भिषाका कागजात नक्कली तयार गर्ने कार्य भएको पाइन्छ । श्रमका स्टिकरहरू, गोप्य चिन्ह (होलोग्राम) नक्कली बनाई ठगी गर्ने प्रवृत्ति बढेका विषयलाई ऐनमा परिभाषित गर्नुपर्दछ ।

यस परिप्रेक्ष्यमा कम्प्युटर प्रविधिको दुरूपयोगबाट हुने कसुरजन्य कार्य र भविष्यमा साइबर अपराधमा निष्पक्ष न्याय सम्पादनको लागि ऐनले परिकल्पना गरेका योग्यताप्राप्त व्यक्तिहरू सम्मिलित तीन सदस्यीय सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायधिकरणको गठन यथाशिघ्र हुनु पर्दछ । यससम्बन्धी अपराधको कारवाही र किनारा गर्ने कार्यमा न्यायाधिकरण नै सक्षम अदालत हुनेछ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को प्रयोग गरेर अनुसन्धान अधिकारीले सबै खालका साइबर अपराधलाई सम्बोधन गर्दै आएको पाईन्छ । नेपालमा साइबर अपराधसम्बन्धी कानुनको अभावमा यही इकमर्सलाई व्यवस्थित बनाउन ल्याइएको कानुनको एउटा अमूर्त धारालाई प्रयोग गरेर विद्युतीय कारोबारका कसूरलाई नियन्त्रण गरिँदैछ ।

सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को दफा २ (ग) अनुसार, “सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरु सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने” कार्य सार्वजनिक अपराधको यो प्रावधानलाई टेकेर सामाजिक सन्जालमा व्यक्त भएका व्यक्तिगत टिकाटिप्पणीलाई समेत साइबर अपराधमा वर्गीकरण गरी फौजदारी अभियोगमा मुद्दा चलाउने गरिएको छ ।

साइबर अपराधमा फिसिङ्ग, डाटा ह्याकिङ्ग, पाइरेसी, ह्यारेसमेन्ट, फ्रड आदि मुख्य छन् । विभिन्न कुराहरुको सूचना सामाजिक सञ्जालबाट छिटै प्रवाह हुने हुँदा सही र गलतको पहिचानपछि मात्र यसको प्रयोग गर्न सकेको खण्डमा मात्र आफू सजायको भागिदार बन्नु पर्दैन । साइबर अपराधको वारदात र कसुरदारको पहिचान र सजायको मागदावी गर्ने क्रममा अनुसन्धानकर्ता, अभियोजनकर्ता, Cyber Forensics or विधि विज्ञान, न्यायकर्ता, Internet प्रयोगकर्ताहरुको अभिलेख राख्ने Internet Service Provider (ISP) नागरिक समाज, समाजका बीचमा समन्वय हुनुपर्ने देखिन्छ ।

■ ■ ■

# सन्दर्भ सामग्री


**(क) प्राथमिक सामग्री**

- नेपालको संविधान
- मुलुकी ऐन
- विद्युतीय कारोबार ऐन, २०६३
- विद्युतीय कारोबार नियमावली, २०६४
- महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (आ.व. २०७०/०७१, २०७१/०७२, २०७२/०७३)
- काठमाडौं जिल्ला अदालतका विद्युतीय कारोबार मुद्दाका ३० थान फैसलाहरु
- सर्वोच्च अदालतका विद्युतीय कारोबार मुद्दाको १ थान फैसला

**(ख) माध्यमिक सामग्री**

- Sharma, N.P. (2015). *Cyberspace and the Cyber Law.* Kathmandu: Koselee Prakashan
- सूचना प्रविधि नीति, २०६७
- दूरसञ्चार नीति, २०६१
- बागचन्द, रत्नबहादुर, साइबर अपराध र हाम्रो न्यायिक अभ्यास : एक विश्लेषण, प्रतिपादन (२०७३), पृष्ठ १-१७, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं ।
- अन्नपूर्ण पोष्टलगायतका दैनिक समाचारपत्रहरु ।
- http://www.karobardaily.com/news
- http://nepalihimal.com/
- http://aamsanchar.com/


■ ■ ■

Office of the Attorney General, Nepal